जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

व्यवसायिक कृषिले बनाउँछ सुखी ।
- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ३४९ • २०८० साल जेठ १ गते सोमबार (15 May, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

मुलुक दुई ध्रुवीकरणमा : अध्यक्ष यादव
प्रदेशमा आलोपालो सरकार नेतृत्वको सहमति

टुडे समाचारदाता

सप्तरी । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले मुलुक दुई ध्रुवीकरणमा बाँडिएको बताएका छन् । उनले संघीयता पक्षधर र संघीयता विरोधी गरी दुई ध्रुवमा बाँडिएको टिप्पणी गरे ।

'अहिले देशमा परिवर्तन विरोधीहरुको एकातिर ध्रुवीकरण बढदो छ, उनले भने-' परिवर्तनकारी शक्तीहरु अर्को ध्रुवमा छन ।' वर्तमान सत्ता समीकरणलाई निरन्तरता दिन सके मात्र आएको ऐतिहासिक परिवर्तनको उपलब्धिलाई सुरक्षित राख्न सकिने उनले जिकिर गरे ।

अध्यक्ष यादवले वर्तमान सत्ता समीकरणकै आधारमा केन्द्र सरकारमा सहभागितासंगै प्रदेशमा पनि आलोपालो सरकारको नेतृत्व गर्ने सहमति बढिरहेको बताए ।

नक्कली भुटानी शरणार्थी प्रकरणले अन्तर्राष्ट्रिय स्तरमा समेत मूलुकको साख गिराउने काम गरेको भन्दै दोषिहरुमाथि कारबाही हुनसके मात्र मूलुकको साख जोगिने उल्लेख गरे ।

उनले कसैले चाहँदैमा सप्तरीको विकास नरोकिने समेत दाबी गरे । अध्यक्ष यादवले मुलुकमा परिवर्तन विरोधी शक्तिहरु हाबी हुँदै गएको प्रति चिन्ता व्यक्त गर्दै सप्तरीको विकास भएको हेर्न नचाहनेहरु क्रियाशील रहेको बताउँदै अध्यक्ष यादवले सबै मिलेर सप्तरीसहित देश विकासको कार्यमा अगाडि बढ्नुपर्नेमा जोड दिए ।

'सप्तरीमा स्वास्थ्य, शिक्षा र सडकको पूर्वाधार निर्माण कार्यले गति लिइसकेको छ, अध्यक्ष यादवले भने, 'जिल्लालाई यथास्थितिमा राख्न चाह्नेहरु प्रयासरत छ्न, अब सप्तरीको विकास कसैले अवरुद्ध गर्न खोजे पनि रोकिंदैन' उनले भने ।

सप्तरीको समग्रविकासको कार्यलाई अगाडि बढाउन सहयोग गर्ने प्रतिबद्धता समेत उनले व्यक्त गरे । अध्यक्ष यादवले अग्रगामी शक्ति र यथास्थितिवादीबीच भएको तीन खेलमध्ये दुईवटामा खेलमा जसपाले सफलता हासिल गरेको बताए । सप्तरी २ मा यथास्थितिवादीहरुले जिते हामी पराजित भयौं, उनले भने, तर उपराष्ट्रपति र उपनिर्वाचनमा जसपाले सफलता हासिल गरे । उनले उपराष्ट्रपतिको निर्वाचनमा परिवर्तन विरुद्ध ध्रुवीकरणमा खडा भएका उम्मेदवारको जमानत सम्म जफ्त गर्न जसपा सफल भएको उल्लेख गरे ।

उनले खेलमा हारजित हुनु सामान्य कुरा रहेको बताउँदै खेलमा तालमेल नमिल्दा राम्रो टिमको पनि पराजय हुन्छ, सप्तरीको अवस्था त्यही भएको हो , अध्यक्ष यादवले भने-'सप्तरीका नेताकार्यकर्ता दिनरात खटेका पनि थिए, खेलमा तालमेल नमिलेको मात्र हो । जसपालाई जिताउन दिनरात खट्ने नेता कार्यकर्ता र आम मतदाताहरुलाई धन्यवाद दिँदै अध्यक्ष यादवले राजावादी, पुराना विचारबाट प्रभावित विकास विरोधीलाई परास्त गर्दै परिवर्तनलाई संस्थागत गर्नुपर्ने आजको आवश्यकता औंल्याए ।

सप्तरीको विकास र समृद्धिको जिम्मेवारी जसपाको काँधमा आएको बताउँदै उनले संगठन सुदृढीकरण र संगठानात्मक सुधार गर्दै जनताको आधारभूत आवश्यकता र समस्या सम्बोधन गर्न एकताबद्ध भएर अगाडि बढ्न कार्यकर्ताहरुलाई आग्रह गरे ।

उनले जनता समाजवादी पार्टी पहिलेभन्दा अहिले थप शक्तिशाली भएको दाबी गर्दै जसपाको मिहिनेत र प्रयासबाटै वर्तमान पाँचदलीय गठबन्धनको सरकार बनेको जिकिर गरे । यादवले पाँचदलीय गठबन्धनको सरकार पुरै अवधि टिक्ने विश्वास व्यक्त गरे । उनले भुटानी शरणार्थी प्रकरणमा दोषी ठहर भएकालाई हदैसम्मको कारबाही हुनुपर्ने बताए । भ्रष्टाचार नियन्त्रण र सुशासन नै विकासको आधार भएको बताउँदै अध्यक्ष यादवले कुनै पनि भ्रष्टाचार काण्डका दोषी ठहर भएकालाई हदैसम्मको कारबाही हुनुपर्ने उल्लेख गरे । उनले कोशी प्रदेश खारेज गरी पहिचानको आधारमा पुनः नामकरण गर्नुपर्ने बताए । संसदको बहुमतबाट प्रदेशको नाम कोशी राखे पनि बहुसंख्यक प्रदेशवासीले अस्वीकार गरेको छ, उनले भने-'मधेश प्रदेश जस्तै प्रदेशवासीको भावना, उनीहरुको साँस्कृतिक सभ्यता र भुगोलको आधारमा नामकरण गर्नुपर्छ ।'

रायमाझी काठमाण्डुबाटै पक्राउ

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमालेका निलम्वित सचिव तथा साँसद टोपबहादुर रायमाझीलाई प्रहरीले पक्राउ गरेको छ । उनी काठमाण्डुको बूढानीलकण्ठबाट पक्राउ परेका छन् ।

रायमाझीविरुद्ध जिल्ला अदालत काठमाण्डुबाट पक्राउ पुर्जी जारी भएको थियो । भुटानी शरणार्थीको नक्कली परिचयपत्र बनाएर नेपालीलाई अमेरिका पठाउने नाममा ठगेको आरोपमा उनीमाथि छ ।

पक्राउ पुर्जी जारी हुँदा रायमाझी अर्घाखाँचीस्थित महेन्द्र विद्यावोध माध्यमिक विद्यालयको हिरक महोत्सव उद्धाटन कार्यक्रममा थिए । त्यहाँबाट बुटवल हुँदै काठमाण्डु हिँडेका उनी फरार थिए ।

पूर्वमन्त्री रायमाझी भैरहवामा केही समय बसेर काठमाण्डु आएको प्रहरी प्रधान कार्यालयका एकजना उच्च अधिकृतले जानकारी दिए ।

शरणार्थीको नक्कली परिचयपत्र बनाएर नेपालीलाई अमेरिका पठाउने नाममा ठगेको आरोपमा पक्राउ परेका ललितपुरका सानु भण्डारीको बयानमा टोप बहादुर रायमाझीको संलग्नता रहेको खुलाशा भएको प्रहरीले दाबी गरेको छ ।

यो घटनामा पक्राउ पुर्जी जारी गरिएको चार जना मध्ये तीन जना अहिले पनि फरारको सूचीमा रहेका छन् । प्रहरीले सो प्रकरणमा अनुसन्धानका लागि तत्कालीन गृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीक, पूर्वसभासद आङ्टावा शेर्पाविरुद्ध जिल्ला अदालत काठमाण्डुबाट पक्राउ पुर्जी जारी गरेको छ ।

यस्तै तत्कालीन गृहमन्त्री बादलकै सुरक्षा सल्लाहकार इन्द्रजित राईका छोरा निरजविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ । तर, तीन जना अहिले पनि फरार रहेपछि प्रहरीले सम्भावित स्थानमा खोजतलाशलाई तीव्र बनाइरहेको छ ।

रायमाझी भारतमा लुकेको हुनसक्ने आशंकासहित प्रहरीको एक टोली यतिबेला भारत पुगेको छ । रायमाझी फरार भएको ११ दिन बितिसक्दा समेत पक्राउ पर्न सकेका थिएनन् । बरु उनले एमाले नेतृत्वलाई नै घात गरेको र अनुसन्धानमा सघाउनुको साटो फरार भएको भन्दै पार्टीले सचिवबाट निलम्बन गरिसकेको छ । प्रहरीले साझमाझीका छोरा सन्दीपलाई भने वैशाख २० मै पक्राउ गरेको थियो ।

यस्तै इन्द्रजित राईका बाबुछोराविरुद्ध पक्राउ पुर्जी जारी भएपछि प्रहरीले इन्द्रजितलाई वैशाख १९ मा पक्राउ गरेको थियो । नक्कली शरणार्थी प्रकरणमा राजनीतिक नेतृत्वसँग जोडिएर पक्राउ परेका इन्द्रजित नै पहिलो पात्र थिए । सोही प्रकरणमा राईका छोराको समेत कनेक्सन देखिएर पक्राउ पुर्जी जारी भएपछि उनी आइतबारसम्म पक्राउ पर्न नसकेका हुन् ।

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु
- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

मानसिक फूर्ति शारीरिक शक्ति
आयोडिनयुक्त नून

"थोरै खाऔं, सही मात्रामा खाऔं,
दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

शहिदनगर नगरपालिका
यदुकूहा, धनुषा, मधेश प्रदेश


डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मुख्य लक्षणहरू
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश

स्रोत नखुलेको ८ लाख नगद बरामद

टुडे समाचारदाता

मलंगबा । सर्लाहीबाट स्रोत नखुलेको ८ लाख रुपैयाँ नगद बरामद भएको छ।

मलंगवा नगरपालिका-८ भन्सार इलाकाबाट शनिबार सशस्त्र प्रहरीले ८ लाख रुपैयाँ र भारतीय नम्बरको मोटरसाइकल बरामद गरेको सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए।

बिआर ३० एन ३५९० नम्बरको भारतीय मोटरसाइकलमा भारतबाट अवैध रूपले नेपाल ल्याउँदै गरेको एक हजार रुपैयाँको ७०० थान र पाँच सय रुपैयाँको २०० थान नेपाली रुपैयाँ बरामद गरेको हो।

नियन्त्रणमा लिएको नेपाली रुपैयाँ र मोटरसाइकल आवश्यक कारवाहीको लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाइएको छ।

यसैगरी सोही जिल्लाको ब्रम्हपुरी गाउँपालिका-५ स्थित सखुअवाबाट २० किलो गाँजासहित एउटा भारतीय मोटरसाइकल आइतबार बरामद गरेको छ।

बिआर ३० डी ५८८५ नम्बरको भारतीय मोटरसाइकलमा नेपालबाट भारततर्फ लैजाँदै गरेको ४ पोका गाँजा सशस्त्र प्रहरी बल नेपाल विओपी सखुअवाले नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीलाई देख्नासाथै मोटरसाइकल सोही ठाउँमा छाडेर चालक फरार भएका थिए।

वन डढेलो र आगलागिका घटना बढ्दै

काठमाण्डु । आगलागी तथा वन डढेलोका घटना बढ्दै गएको पाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कानुसार यही वैशाख १ देखि ३० गतेसम्म देशभर पाँच सय २७ वटा आगलागी र ९४ वन डढेलोका घटना घटेका छन् ।

प्राधिकरणका अनुसार आगलागीमा ११ र डढेलोमा परेर पाँच जनाले ज्यान गुमाएका थिए भने ६५ जना घाइते भएका छन् । गर्मी बढेसँगै दैनिक आगलागी र डढेलोका घटना बढ्न थालेका र एक महिनामा आगलागी र वन डढेलोका छ सय २१ घटनामा मानवीयसँगै अन्य भौतिक तथा संरचनागत क्षति भएको प्राधिकरणका उपसचिव सुन्दरप्रसाद शर्माले जानकारी दिनुभयो ।

आगो तथा डढेलो लागेको देख्नेबित्तिकै पूर्वतयारीबिना निभाउन जाँदा घाइते हुने तथा ज्यानै जाने जोखिममा पर्ने भएकाले आगो तथा डढेलो फैलिएका बेला जोखिम नमोल्न र सुरक्षाको उपायबिना त्यस्तो ठाउँमा नजान उहाँले आग्रह गर्नुभयो ।

यसैगरी जङ्गलमा लागेको डढेलो निभाउन पानीसँगै हरियो स्याउला, माटोको पनि प्रयोग गर्न सकिने भएकाले सोको प्रयोग गर्न प्राधिकरणले आग्रह गरेको छ । सकेसम्म आगो तथा डढेलो लाग्न नदिन चुरोटका ठुटा जथाभावी नफाल्न, आगो लागिसकेको ठाउँमा जलेका वस्तु माटोले पुरिदिन पनि प्राधिकरणको समुदायलाई आग्रह छ । रासस

वर्षौंदेखि व्यवस्थापन समितिबिनै चलिरहेका छन् विद्यालय

जनकपुरधाम। छ वडा रहेको धनुषाको औरही गाउँपालिकामा १० सामुदायिक विद्यालय छन्, तर राजदेवी प्राथमिक विद्यालयबाहेक अन्यमा व्यवस्थापन समिति गठन नभएको वर्षौं भइसक्यो ।

जनकपुरधाम उपमहानगरपालिकाका ४९ मध्ये धेरैजसो सामुदायिक विद्यालय पनि वर्षौंदेखि व्यवस्थापन समितिबिना चलिरहेका छन् । जिल्लाका १८ वटै पालिकामा रहेका तीन सय ९५ सामुदायिक विद्यालयमध्ये मुस्किलले पाँचदेखि १० प्रतिशतमा मात्रै व्यवस्थापन समिति हुनसक्ने अनुमान जिल्ला समन्वय समितिको छ ।

विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि कुनै पनि अवस्थामा व्यवस्थापन समिति हुनुपर्ने शिक्षा ऐनको प्रावधानलाई बेवास्ता गरेर वर्षौंदेखि विद्यालय चलिरहँदा त्यसले गुणस्तरीय शिक्षण सिकाइ र वृत्तिविकासमा निकै समस्या भइरहेको सरोकारवालाले बताएका छन् ।

शिक्षक रामाशिष साहले निश्चित व्यक्तिले आफूलाई हुने लाभहानीको लेखाजोखा गरी गम्भीरतापूर्वक समिति गठनमा चासो नराखेकाले विद्यालयको मुख्य अभिभावकीय भूमिकामा रहने संरचना नै ओझेलमा परेको बताउनुभयो । उहाँले स्थानीय तहले समिति बनाउन परिपत्र गरे पनि त्यसलाई कार्यान्वयन गर्न विभिन्न बहाना देखाएर पन्छिँदा कुनै निकास निस्किन नसकेको बताउनुभयो ।

औरही गाउँपालिका वडा नं १ का स्थानीय राम उद्गार यादवले धेरै ठाउँमा स्थानीय जनप्रतिनिधि र राजनीतिकरूपमा सक्रिय अभिभावबीच स्वार्थ बाँझिदा समिति बन्न कठिनाइ उत्पन्न हुने गरेको सुनाउनुभयो । “कतिपय ठाउँमा वडाध्यक्ष नै समितिको अध्यक्ष हुनुपर्छ भनेर कार्यविधि बनाउनुपर्ने पक्षमा छन्, तर यसले अभिभावकको अधिकार हनन हुन्छ”, उहाँले भन्नुभयो, “अधिकारप्राप्त पक्ष र प्रभाव पार्न सक्ने व्यक्तिले आफ्नो अनुकूल समिति नबन्ने अवस्था आएमा अड्को थाप्ने गर्छन्, त्यसले गर्दा पाँच/सात पटक भेला भएर पनि समिति गठन नभएका उदाहरण छन् ।”

श्री रामजानकी मावि भिठकहियामा विसं २०७४ मा भएको स्थानीय तहबाट आएका जनप्रतिनिधिले समेत समिति बनाउन सकेनन् । समिति नभएपछि सो विद्यालयमा आव २०७७/७८ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत भवन निर्माणका लागि विनियोजित रु ३६ लाख कार्यान्वयन हुन सकेन भने प्रदेश सरकारबाट आएको रु ३० लाख ‘फ्रिज’ भयो । चालु आर्थिक वर्षमा पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु ४५ लाख बजेट व्यवस्थापन समितिको अभावमा कार्यान्वयन हुनसकेको छैन ।

समितिको अभावमा मावि र उमावितर्फ अनुदान कोटामा राख्न मिल्ने चार जना अत्यावश्यक शिक्षक शिक्षिकाको नियुक्ति रोकिएको छ । “भौतिक पूर्वाधारदेखि बजेट निर्माण र परिचालन गर्न निकै कठिन भएको छ, कहिलेकाही हुने विवादलाई पनि जनप्रतिनिधि वा अदालतमै गएर सुल्झाउनुपर्ने बाध्यता छ, मैले नै चारवटा बैठक र तीनवटा अभिभावक भेला राख्दा पनि समिति गठन हुन सकेन”, विद्यालयका प्रधानाध्यापक मदनकुमार महराले भन्नुभयो, “सहमतिमा समिति गठन हुन नसके स्वच्छ निर्वाचन प्रक्रियाबाट टुङ्ग्याए पनि हुन्थ्यो, यसमा स्थानीय तहको सहमति अनिवार्यजस्तै छ, तर अहिलेसम्म निकास पाइएको छैन ।”

शङ्कर जनता मावि चक्करमा पनि विगत चार वर्षदेखि व्यवस्थापन समिति गठन हुनसकेको छैन । “सातपटक बैठक तथा अभिभावक भेला बोलाएको हो, तर कहिले अभिभावक त कहिले जनप्रतिनिधिको कुरा मिल्दैन, त्यसले गर्दा समिति नै गठन गर्न सकिएको छैन”, शिक्षक अजितकुमार चौधरीले दुःखेसो पोख्नुभयो, “समिति नबन्दा विद्यालय निमित्त प्रअको भरमा चलिरहेको छ, करिब एक हजार पाँच सय विद्यार्थी अध्ययनरत विद्यालयमा न नयाँ कर्मचारी भर्ती गर्न पाइएको छ न ६० वर्ष नाघेकालाई हटाउन सकिएको छ, त्यसैले अब निर्वाचन गराएरै भए पनि निकास दिनुपर्ने हो ।”

श्रीमावि औरहीका प्रधानाध्यापक रामचन्द्र साहुले निर्वाचनमार्फत व्यवस्थापन समिति गठन गर्दा पनि स्थानीय तहले कार्यविधि दिनुपर्ने तर अहिलेसम्म त्यसको व्यवस्था नभएको बताउनुभयो । उहाँले विद्यालय व्यवस्थापन समिति नहुँदा आफ्नो विद्यालयमा उत्पन्न भएको विवादले १५ महिनासम्म तलब नै भुक्तानी गर्न नपाएको अवस्था स्मरण गर्नुभयो ।

“दैनिक पठनपाठन रोकिएको छैन, तर समिति नहुँदा कैयन कानुनी र व्यवहारिक समस्या सिर्जना हुन्छन्, समिति भए त सानातिना विवाद र अत्यावश्यक कार्य गर्न सजिलो हुन्थ्यो होला”, साहुले भन्नुभयो, “हामीलाई नै समिति गठन नगरेको आरोप पनि लाग्ने गरेको छ, तर शिक्षक वा प्रअले चाहँदा हुने र नचाहँदा नहुने अवस्था छैन, अभिभावक, राजनीतिक दल तथा ती दलबाट आएका जनप्रतिनिधिले सहयोग गरेमा मात्रै हामीले काम गर्नसक्ने हो ।”

सङ्घीय संरचनामा गइसकेपछि स्थानीय तहमा पाँच वर्षीय कार्यकाल समाप्त भई अर्को कार्यकाल सुरु भएको पनि एक वर्ष बितिसकेको छ । अहिले जिल्ला शिक्षा कार्यालय छैन तर आफ्नो क्षेत्रका विद्यालयमा भौतिक सुविधाको बन्दोबस्त र गुणस्तरीय शिक्षण सिकाइको वातावरण निर्माण गर्न स्थानीय तहलाई नै जिम्मेवारी दिइएको छ । शिक्षा ऐनले गाउँपालिका वा नगरपालिकामा शिक्षा समिति र जिल्लामा समन्वय समिति प्रमुखको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारीसहितको जिल्ला शिक्षा समिति बनाउनुपर्ने भनेको छ । यी समिति पनि सोचेअनुरुप सक्रिय हुनसकेका छैनन् ।

औरही गाउँपालिकाका अध्यक्ष उमाशङ्करप्रसाद साहले पटक-पटक आग्रह गर्दा पनि व्यवस्थापन समिति गठन हुन नसकेको धारणा राख्नुभयो । साहले भन्नुभयो, “कतिपय विद्यालयमा नौ/दश वर्षदेखि समिति छैनन्, मैले परिपत्र गरेको पनि पाँच महिना भइसक्यो, तर समिति गठन भएन, अब गाउँ शिक्षा समितिको बैठक बसेर एउटा निष्कर्षमा पुग्छौं ।”

जनकपुरधामका उपप्रमुख किशोरी साहले पनि जनप्रतिनिधि, विद्यालयका कर्मचारी र प्रअको मिलेमतोमा समिति बन्न नसकेको विषयमा गुनासो आउने गरेको बताउनुभयो । “उपमहानगरले पटकपटक समिति बनाउन परिपत्र गरेको छ, तर त्यसलाई पनि अटेर गर्ने काम भएको छ”, साहले राससँग भन्नुभयो, “अब स्थानीय अभिभाव जाग्नुपर्‍यो, दबाब दिनुपर्‍यो, उपमहानरपालिकाले पनि समस्या समाधान हुनेगरी चाँडै पहल गर्छ ।”

जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला शिक्षा समितिका अध्यक्ष राजनन्दन मण्डलले अहिलेसम्म देखिएका समस्याको मुख्य कारण पहिचान गरेर त्यसको समाधान गरिने बताउनुभयो । “अभिभावकको संलग्नताबिना विद्यालय चलाउने कुरा कानुनले परिकल्पना गरेको छैन, समिति नबनेसम्म विद्यालय राम्रोसँग चल्न सक्दैन भनेर सबैले महसुस गरेका छौं, त्यसैले अब जे गर्दा निकास निस्किन्छ त्यो उपाय अपनाएर भए पनि निकास दिनुपर्छ”, संयोजक मण्डलले भन्नुभयो ।

शिक्षा ऐन, २०२८ को दफा १२ क (२) मा समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म व्यवस्थापन समितिको काम गर्न जिल्ला शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने अधिकार दिएको छ तर यस्तो अधिकारप्राप्त जिल्ला शिक्षा समितिले नै पूर्णता पाउन सकेको छैन । समन्वय प्रमुख एवं समितिका संयोजक मण्डलले प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरेर विद्यालयमा देखिने समस्या समाधानको पहल गरिए पनि समितिको पूर्ण बैठक बसेर काम हुननसकेकाले अब समितिलाई सक्रिय बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रष्ट व्यवस्था तथा समितिको अस्तित्व नहुँदा देखिएका समस्याबारे सरोकारवाला जानकार छन् । संविधानले स्थानीय तहलाई नै ऐन कानुन बनाएर आफ्नो क्षेत्रका विद्यालय सुधारको योजना बनाउनसक्ने अधिकार दिएको विषयमा पनि कुनै द्विविधा छैन । अब विद्यालयको सुव्यस्थित सञ्चालन र वृत्तिविकासमा महत्वपूर्ण भूमिका खेल्ने विद्यालय व्यवस्थापन समिति गठनको गाँठो फुकाएर समस्या समाधानमा ध्यान दिन जरुरी रहेको बताइन्छ । रासस

पाकिस्तानी आरोही सगरमाथाको चुचुरोमा

काठमाण्डु । थप दुई आरोही सगरमाथाको चुचुरोमा पुगेका छन् । आइतबार बिहान ८:०२ बजे नेपाली र पाकिस्तानी आरोही सगरमाथाको चुचुरोमा पुगेका हुन् । सन् २०२३ को सगरमाथा आरोहणमा पहिलो अन्तर्राष्ट्रिय पर्वतारोही पाकिस्तानकी नैला कैनीले सफल आरोहण गर्नुभएको हो ।

त्यस्तै नेपाली आरोही पासाङतेम्बा शेर्पाले सगरमाथा आरोहण गर्नुभएको छ । दुवै आरोही इमेजिन नेपाल ट्रेक्स एण्ड एक्सपिडिसन कम्पनीबाट आरोहणमा गएका थिए । कम्पनीका कार्यकारी निर्देशक दावाग्याल्जे शेर्पाले यो यामको सगरमाथा आरोहणमा पहिलो आरोहण महिला अन्तर्राष्ट्रि पर्वतारोहीबाट भएको बताउनुभयो । उहाँका अनुसार अहिले कतिपय आरोही सगरमाथाको हिलारी स्टेप पुगिसकेका छन् भने धैरै आरोही साउथकोल र आसपास छन् । आइतबार साँझसम्म धैरै आरोही सगरमाथाको चुचुरोमा पुग्ने कार्यकारी निर्देशक शेर्पाले जानकारी दिनुभयो ।

वसन्त ऋतुको यो यामको सगरमाथा आरोहण शनिबारबाट सुरु भएको थियो । सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको हो । रोप फिक्सिङपछि पहिलो औपचारिक आरोहण सुरु भएको सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको इमेजिन नेपाल ट्रेक एण्ड एक्सपिडिसन कम्पनीले जनाएको छ ।

यतिबेला सगरमाथाको आधार शिविर र दोस्रो शिविर आसपास आरोहणका लागि सयौं सङ्ख्यामा आरोही प्रतिक्षारत छन् । पर्यटन विभागका अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि ४४ आरोही समूहका चार सय ६७ जनाले अनुमति लिएका छन् । रासस

शरणार्थी प्रकरण

पूर्वगृहमन्त्री खाँणसहित १२ जनामाथि अनुसन्धान गर्न चार दिनको म्याद थप

काठमाण्डु । जिल्ला अदालत काठमाण्डुले नक्कली भूटानी शरणार्थी बनाई अमेरिका पठाउने लोभ देखाएर सङ्गठित ठगीमा मुछिएका पूर्वगृहमन्त्री बालकृष्ण खाँण, तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसहित १२ जनामाथि अनुसन्धान गर्न प्रहरीलाई चार दिनको म्याद दिएको छ ।

यसअघि थपिएको म्यादभित्र अनुसन्धान नसकिएको भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले म्याद थपका लागि आज काठमाडौं जिल्ला अदालतमा पेस गरेकामा अदालतबाट चार दिनको म्याद प्राप्त भएको प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो ।

सङ्गठित अपराधमा अनुसन्धान भइरहेकाले प्रहरीले उनीहरुलाई ६० दिन हिरासतमा राखेर आवश्यक काम कारबाही अघि बढाउन पाउँछ । उक्त प्रकरणको अनुसन्धानमा प्रहरीले ५० दिन कटाइसकेको छ ।

“अब आठ-नौ दिनमा अनुसन्धान सकेर जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाइने छ”, काठमाण्डुका प्रहरी उपरीक्षक सीताराम रिजालले भन्नुभयो, “यो बीचमा अन्य आरोपीहरुको खोजी, प्रमाणहरु सङ्कलन जारी नै रहनेछ ।” सरकारी वकिलको कार्यालयमा प्रहरीले बुझाएको प्रतिवेदनका आधारमा कार्यालयले अदालतमा अभियोजन दर्ता गर्नेछ ।

घटनामा मुछिएपछि प्रहरीले थप दुईजनालाई पक्राउ पुर्जी जारी गरिसकेको छ । शुक्रबार पक्राउ पुर्जी जारी भएकामा तत्कालीन गृहमन्त्री तथा नेकपा (एमाले) का उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा प्रतीक र कांग्रेसका नेता पूर्वसभासद् आङ्टावा शेर्पा छन् ।

प्रहरीले शरणार्थी प्रकरणमा अहिलेसम्म १२ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य, पूर्वगृहमन्त्री बालकृष्ण खाँण र उहाँका स्वकीय सचिव नरेन्द्र केसीलाई वैशाख २७ गते पक्राउ गरेको थियो ।

त्यसअघि वैशाख १९ गते तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार डा इन्द्रजित राई र वैशाख २० गते बहालवाला सचिव (तत्कालीन गृहसचिव) टेकनारायण पाण्डे पक्राउ परेका थिए ।

प्रहरीले उक्त घटनाका गिरोहहरु सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी, टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङलाई गत चैतमा पक्राउ गरेको थियो । यही वैशाख २६ गते काठमाडौंको टोखा बस्ने रामशरण केसी र मोरङ घर भएका गोविन्द चौधरी पक्राउ परेका थिए । उनीहरु सबैका लागि चार दिन म्याद थप भएको हो ।

घटनामा मुछिएर पक्राउ पुर्जी जारी भएका नेकपा (एमाले)का सचिव पूर्वमन्त्री टोपबहादुर रायमाझी र पक्राउ परेका डा राईका छोरा निरजलाई प्रहरीले खोजी गरिरहेको छ । रायमाझीलाई नेकपा (एमाले)ले सचिवबाट निलम्बन पनि गरिसकेको छ । उक्त घटनामा हालसम्म एक सय छजनाले २० वटा जाहेरी दिएका छन् । उनीहरुले कूल रु २३ करोड २५ लाख ठगी भएको भनी जाहेरी दिएका छन् । रासस

तपाईंको आज

पण्डित : ब्रम जी

मेष	: सुख समृद्धि हुने ।
बृष	: भ्रमण अवसर हुने ।
मिथून	: वाद विवादबाट बच्नु ।
कर्कट	: शिक्षामा उन्नति ।
सिंह	: नयाँ कार्य हुने ।
कन्या	: बौद्धिक क्षमता ।
तुला	: अवसर प्राप्त ।
बृश्चिक	: पारिवाहिक सुख ।
धनु	: प्रतिभा सम्पन्नता ।
मकर	: प्रेम प्रसंग, मित्र सुख ।
कुम्भ	: पुरस्कार प्राप्त लाभ ।
मीन	: धन बृद्धि सञ्चय ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

बारुण यन्त्र	५२००११	विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००	साह केबुल	५२४७२२
एम्बुलेन्स (रेडक्रस)	१०२	जानकी केबुल	५२३७२८
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१	म्याक्स टीभी	०४१-५९०८९७, ९८०१६६८६५२
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६	नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
अञ्चल अस्पताल	५२००३३	मुजेलिया प्रहरी चौकी	५२०७५०
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९	सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५, ९८५४०२८२९६	बुद्ध एयर	५२५०२२
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१	यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
रक्तसंचार (रेडक्रस)	५२०८७०	होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४	होटल रामा	५२००५९, ५२३८५४
कृष्णा नर्सिङ्गहोम	५२१९१८	वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७	गौतम होटल, बर्दिबास	०४४-५५००३४
आँखा अस्पताल	५२०३९७	जलेश्वर अस्पताल	०४४-५२००७०
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६	प्रहरी (जलेश्वर)	०४४-५२०००९
एयर पोर्ट	५९००५८, ५९००५२	एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
		विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने सयम	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने सयम	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

युवकको हत्या

टुडे समाचारदाता

राजविराज।सप्तरी जिल्लाको शम्भुनाथ नगरपालिकाका एक युवकको हत्या भएको छ। उक्त नगरपालिकाको वडा २ खैरबोनाका २३ वर्षीय मो. तफेजुलको हत्या भएको छ।

उनको शव आईतबार बिहान रुपनी गाउँपालिका-१ स्थित धान खेतमा फेला परेको हो। अर्धनग्न अवस्थामा फेला परेको शवको प्रकृति हेर्दा उनको हत्या गरी फालिएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

शवलाई परीक्षणकालागि आईतबारै धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ भने थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी नरेश कुमार सिंहले बताए।

उनको हत्या शनिबार राति नै भएको हुन सक्ने परिवारजनले बताएका छन्। मृतकका बुवा मो.लुकमानका अनुसार शनिबार बेलुका ८ बजे तिर तफेजुल शम्भुनाथको मेला भरेर घर फर्केका थिए। केही बेरपछि छोराको साथी बताउने २/३ जना अपरिचित युवाहरु भेट्न आएपछि उनी आमालाई मासु पकाएर राख्नु चाँडै फर्किन्छु, भन्दै बाहिर निस्केका थिए। तर, छिट्टै फर्किने भन्दै निस्केका छोरा राति अबेरसम्म घर नफर्केपछि आफूहरु खोजतलाशमा जुटे पनि कतै फेला नपरेको उनले बताए।

तर बिहान पख फेरि खोज्न जाँदा स्थानीय केही व्यक्तीले “तिम्रो छोरा रुपनी गाउँपालिका-१ स्थित एक खेतमा मृत अवस्थामा रहेको बताएपछि त्यहाँ पुगेको उनले सुनाए।

शवको प्रकृति हेर्दा हत्या नै भएको स्थानीयले पुष्टि हुने बताए पनि डिएसपी सिंहले हत्या भए नभएको कुरा पोस्टमार्टम रिर्पोटपछि मात्रै भन्न सकिने बताए।

उनले घट्नामा संलग्न रहेको आशंकामा तीन जनालाई नियन्त्रणमा लिइ सोधपुछ भइरहेको जानकारी समेत दिए। घटनापछि आक्रोशित स्थानीयवासिन्दाले करिब २ घण्टा रुपनी राजमार्ग खण्डमा चक्का जाम र प्रर्दशन गरेपछि प्रहरीले घटनास्थलमा डगस्क्वाड (तालिम प्राप्त कुकुर) को सहयोग समेत लिएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट आएको डगस्कवाडले केही संकेत गरेको र त्यसलाई पनि अनुसन्धानमा समेटिएको प्रहरीको भनाइ छ।

अवैध संरचना हटाई कम्प्लेक्स बनाइने

टुडे समाचारदाता

कलैया। बाराको जीतपुरपछि सिमरा बजारमा रहेको अवैध संरचना हटाउन जीतपुरसिमरा उपमहानगरपालिकाले ध्यान केन्द्रित गरेको छ। उपमहानगरपालिकाले अन्तिम पट्क सात दिने सूचना प्रकाशन गरी जीतपुरसिमरा उपमहानगरपालिका-२ स्थित साबिक पिप्रासिमरा गा.बि.सको नाममा रहेको जग्गामा बनेका अवैध संरचनाहरु हटाउन निर्देशन दिएको छ।तोकिएको समयभित्र अवैध संरचना नहटाएको खण्डमा उपमहानगरपालिकाले आफै हटाई ,हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल गर्ने नगर प्रमुखको आदेशमा जारी गरिएको सूचनामा उल्लेख छ।



वडा नं.३ को वडा कार्यालयले एक अन्तरक्रिया कार्यक्रमको आयोजना सिमरा बजारमा रहेका अवैध संरचनाहरु हटाएर नगर विकास कोषको रकम करिब ४४ करोडको लागतमा उक्त ठाउँमा सुविधा सम्पन्न ४ तल्ले सिमरा कम्पलेक्स भवन बनाउने योजना सार्वजनिक गरेको छ। उपमहानगरपालिकाका ईन्जिनीयर संजीब रुपाखेतीले निर्माण हुने कम्प्लेक्स भवनको संरचनाहरुको बिषयमा जानकारी दिएका थिए।

उनले ५ कठ्ठा क्षेत्रफलको बेसमेन्टमा दुई तल्लाको पार्किङ्ग , जमिन तल्लामा ४० वटा भन्दा बढी सटरहरु , पहिलो तल्लामा वडा कार्यालय ,दोस्रो तल्लामा बैंक , कार्यालय र अफिस सटर भाडा र तेस्रो तल्लामा रेष्टुरेन्ट ,जिम हल ,फुल कोर्ट ,प्ले जोन लगायत रहने जानकारी दिए।

वडा नं.३ का वडा अध्यक्ष धन बहादुर श्रेष्ठले ५ कठ्ठा जग्गामा मल निर्माण भएपछि स्थानीय व्यापारी व्यवसायीहरुलाई व्यापार गर्न सहज हुने जानकारी दिए। उनले नगर प्रमुख राजन पौडेलको मनसाय पनि यहाँको व्यापार ,व्यवसायको स्तर वृद्धि गर्ने भएकाले व्यापारीहरुलाई यसको विरोध नगर्न अनुरोध गरे।

वडा अध्यक्ष श्रेष्ठले कम्पलेक्समा बन्ने सटरहरुको भाडाहरु प्रत्येक सटर पाँच हजार भन्दा बढी नपर्ने बताए। कम्प्लेक्स बन्दाखेरि स्थानीय व्यापारीहरुलाई पहिलो प्राथमिकता दिने भएकाले नआतिन आश्वासन समेत दिए। यता नेपाली काग्रेसका हरि थपलियाले सिमरा बजारमा सिमरा कम्पलेक्स भवनको अति आवश्यकता देखिएकाले जुनसुकै अवस्थामा बन्नुपर्ने धारणा राखे। कम्प्लेक्स बन्दा बिना एडभान्स रकम दिई सस्तो मूल्यमा सरकारी तवरबाट निर्माण भएको सटरमा व्यापार ,व्यवसाय गर्न पाउनु सिमरावासीकोलागि अवसर भएको जिकिर उनले गरे। यहाँको मेयर ,उपमेयर वा वडा अध्यक्षले आफनो व्यक्तिगत स्वार्थकोकोलागि कम्प्लेक्स निर्माण गर्न आलटाल गरिरहेकाले सबैले हातेमालो गरी साथ दिनुपर्ने विचार व्यक्त गरे। नेकपा एमाले पाटी कमिटीका वडा नं.२ का वडा अध्यक्ष रबीन्द्र खकुरेलले साबिक पिप्रासिमरा गा.बि.सको नाममा रहेको सो बजार क्षेत्रको जग्गामा जसरी भए पनि अवैध संरचना तत्काल हटाउनु पर्ने माग गरे।

यता नेकपा एकीकृत समाजवादीका जीतपुरसिमरा उपमहानगर अध्यक्ष कृष्ण खनालले अव्यवस्थित संरचना हटाउनमा आफूहरुको कुनै दुईमत नरहेको बताए। पहिला देखि नै यस क्षेत्रमा कप्लेक्स बनाउनुपर्ने आवाज उठिरहेकाले जीतपुरसिमरा उपमहानगरपालिकाले चाँडै कम्प्लेक्स बनाइ स्थानीय व्यापारीहरुलाई दिनुपर्ने जानकारी दिए। स्थानीय व्यापारीहरु आफूहरु विकासको बाधक नभए पनि आफूहरुको रोजगार डुब्न सक्ने डर भने रहेको बताएका थिए।

मदरसा संचालनका लागि अन्तरक्रिया

टुडे समाचारदाता

मलंगवा। मदरसा संचालन तथा व्यवस्थापन सम्बन्धी सरोकारवालाहरु सँगको अन्तरक्रिया कार्यक्रम सर्लाहीको मलंगवामा सम्पन्न भएको छ।

नगरप्रमुख नागेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्य तथा प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपस्थित भएका नगरपालिका क्षेत्रभरीका १२ वटा मदरसाका प्रमुख तथा प्रतिनिधि र मुस्लिम अगुवाहरुबीच कक्षा अपग्रेड तथा व्यवस्थापन ,एकमुष्ट अनुदान रकम निकासा ,मदरसाको लागि शिक्षक दरबन्दी ,मदरसा सम्बन्धी नीति र निर्देशिका सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने लगायतका विषयहरुमा अन्तरक्रिया गरिएको शिक्षा शाखा प्रमुख प्रमोद मंडलले जनाएका छन्।

मलंगवा नगरपालिकाको आयोजनामा सम्पन्न भएको कार्यक्रममा उपस्थित डा.अब्दुर रहिम,युवा नेता सामिमबाबु खान,नेपाल मुस्लिम संघका केन्द्रीय सल्लाहकार मो.नुरुल हक मिकरानी,वडाअध्यक्ष जुल्फेकार मिकरानी,इसा मिकरानी लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा स्वागत मन्तव्य जनस्वास्थ्य निरिक्षक(मनपा) मो.सलिम मिकरानीले राखेका थिए।

बिरामी उपचार गराउन आलटाल

टुडे समाचारदाता

जनकपुरधाम। सवारी धनीले बिरामी उपचार गराउन आलटाल गरेको पाइएको छ। चालकको लापरवाहीले दुर्घटनामा परेको बिरामीको उपचार गराउन आलटाल गरेको पाइएको छ।

गत बैशाख ८ गते जनकपुरधामबाट बा.१८ च.३१४५ नम्बर प्लेटको स्कारपियोमा सवार भइ आउने क्रममा महोत्तरी जलेश्वर नगरपालिका-११ पिगौनास्थित सवारी दुर्घटना भएकों थियो। चालकको लापरवाहीले दुर्घटना हुँदा ५५ वर्षीय प्रमोद साह गम्भीर घाइते र ६ जना सामान्य घाइते भएका छन्। उनको घाँटीको हड्डीमा असर पुगेको चिकित्सकहरुको भनाई छ। र, उनको शल्यक्रियाको लागि करिब दुई लाख भन्दा बढी खर्च लाग्ने बताइएको छ। तर सवारी धनी महेश साहले उपचार नगराई वेवास्ता गरिरहेको घाइते साहका छोरा मिथुन साहले गुनासो गरे।

उपचारको लागि पीडित परिवारले ऋण लिनु पर्ने अवस्था भएकाले उपचार गराउन पटक-पटक माग गर्दै आएका छन्। तर सवारी धनी साहले बीमा रकम आएपछि मात्रै दिने/नदिने विचार गर्ने जस्ता अभिव्यक्ति पीडित पारिवारलाई दिँदै आएको छ। सवारी ऐन पीडित परिवारले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निवेदन दिएका छन्।

दिइएको निवेदनमा सवारी दुर्घटना भई विपरीत दिशातर्फको आठ फिट तल पुगेको उल्लेख गरिएको छ। ‘सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६२ (१) बमोजिम सवारी दुर्घटनाबाट अङ्गभङ्गसमेत भएकाले विपक्षीबाट उपचार खर्च, क्षतिपूर्ति र कारबाही गरिपाउँ,’निवेदनमा उल्लेख छ।

विपद् व्यवस्थापन बैठक

टुडे समाचारदाता

मलंगवा। सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले विपद् व्यवस्थापनमा जुट्न सरोकारवाला निकायहरुलाई निर्देशन दिएका छन्। बैशाख जेठ महिनामा जिल्लाका अधिकांश ठाउँमा आगलागीको घटनामा ह्वात्तै वृद्धि भएकोले सजगता अपनाउन तथा अकस्मात आगलागीको घटनालाई नियन्त्रण गर्न पूर्व तयारीका लागि सचेत रहन उनले सरोकारवाला निकायहरुलाई आग्रह गरेका छन्।

दैवीप्रकोप नियन्त्रण तथा न्यूनीकरण गर्न बसेका सर्वपक्षीय बैठकमा सुरक्षा निकायका प्रमुख, नेपाल प्रहरीका जिल्ला प्रमुख नरेशराज सुवेदी, सशस्त्र प्रहरी प्रमुख, नेपाली सेना लगायतका अधिकारीहरूको बैठकमा उपस्थिति रहेको थियो।

त्यस्तै मलंगवा नगरपालिका प्रमुख नागेन्द्र प्रसाद यादव, कौडेना गाउँपालिका अध्यक्ष बब्लु यादव, बसवरिया गाउँपालिका अध्यक्ष रामसिंहासन राय, रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादव, हरिपुर्बा नगरपालिका प्रमुख विनोद कुमार साह, लगायत विभिन्न पार्टीका प्रतिनिधित्व गरेका राजनीति दलका नेता तथा कर्याकर्तालगायत नागरिक समाजका अगुवाद्वय शिवचनद्र चौधरी, उग्रकान्त झा लगायत संचारकर्मीहरूको बैठकमा उपस्थिति रहेको थियो।

बैठकमा पालिका अध्यक्ष तथा प्रमुखहरूले जिल्लामा २ वटा बारूण यन्त्र मात्र रहेकोले आगलागीका घटना नियन्त्रण गर्न समस्या भोग्नु परेको गुनासो पोखेका थिए। नागरिक समाजका अगुवा उग्रकान्त झाले भने पालिकाहरूले दैवीप्रकोप नियन्त्रण तथा यसको रोकथाम गर्न पूर्व तयारी नगरेकोले अकस्मात हुने घटनालाई नियन्त्रण गर्न नसकेको बताए। त्यस्तै शिवचन्द्र चौधरीले राष्ट्रिय गौरवको आयोजना निर्माणमा ढिलाई भईरहेकोले ठेकेदार कम्पनीलाई कारबाही गर्नु पर्ने माग गरे।

बैठकमा संचारकर्मी निरज यादवले जनचेतनाको कमीले पनि आगलागीको घटनामा वृद्धि भएकोले गाउँ घरमा जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने सुझाव दिए। हरेक साल बैशाख, जेठ महिनामा आगलागीबाट सर्लाहीमा ठूलो जनधनको क्षति हुँदै आएको छ।

असार साउन महिनामा पनि बाढी पहिरोबाट सैकडो घरपरिवार प्रभावित हुँदै आएकोले यसका लागि दीर्घकालीन समाधानको बाटो अवलम्बन गर्नुपर्ने जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल सिंहले बताउँदै वारूण यन्त्र थप्ने बारेमा मधेश प्रदेश सरकारसंग पहल भइरहेको बताए।

जबसम्म सर्लाहीका २० वटै स्थानीय सरकारले समन्वय गरी दैवीप्रकोप नियन्त्रण गर्न एकजुट भएर लाग्नु पर्ने अहिलेको आवश्यकता रहेकोमा बैठकमा सहभागीहरुले जोड दिएका थिए।

सरकार मनसुनजन्य विपद्को पूर्वतयारीमा

काठमाण्डु। नेपाल सरकार आउँदो मनसुनका समयमा हुनसक्ने विपद्जन्य घटना व्यवस्थापनको पूर्व तयारीमा जुटेको छ। आउँदो मनसुनमा सरदरभन्दा कम वर्षा हुने आँकलन गरिए पनि निश्चित क्षेत्रमा अधिक र निश्चित क्षेत्रमा कम वर्षा हुनसक्ने अवस्थालाई समेत मध्यनजर गरी आवश्यक तयारीमा सरकारले काम थालेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विगतको विपद् र त्यसबाट सिर्जित असरको अवस्था, देशको भौगोलिक अवस्था, जलवायु परिवर्तनको असर, सम्भावित जोखिम क्षेत्र पहिचानको आधारमा सोही अनुसारको विपद् व्यवस्थापनको पूर्व तयारी थालिएको छ।

विपद्को पूर्वतयारी, अस्थायी आश्रयस्थल व्यवस्थापन र खाद्यान्नको आवश्यक व्यवस्थापनका पूर्व तयारी पनि सँगसँगै थालिएको छ। विपद्पछिको उद्धार तथा पुनःस्थापनमा सधैँ आलोचना हुने गरेकाले त्यसलाई मध्यनजर गर्दै विशेष ध्यान दिन गृहमन्त्रालयले सम्बद्ध निकायसँग समन्वय गरिरेको छ।

विपद् व्यवस्थापनको पूर्व तयारीस्वरुप यही वैशाख २९ मा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले मातहत र सरोकार राख्ने सबै निकायलाई आ-आफ्नो विषयगत क्षेत्रको तयारीमा जुट्न निर्देशन नै दिइसकेको छ।

कार्यकारी समितिका अध्यक्ष उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अब तयारी पुगेन भनेर विपद् व्यवस्थापन कार्यमा छुट नपाइने भएकाले अहिलेदेखिनै के गर्नुपर्ने हो त्यो काम गरेर तयारी अवस्थामा राख्न सरोकारवाला निर्देशन भनिसक्नुभएको छ।

गृह मन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरिरहेको छ। केही दिनभित्रमै उक्त कार्ययोजना निर्माण गरी लागू गर्न लागिएको गृह मन्त्रालयमातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले बताउनुभयो।

यस्तै विपद व्यवस्थापनका लागि अति आवश्यक पर्ने नीति, नियम तथा कार्यविधि तर्जुमाका आवश्यक प्रक्रिया पनि तीव्ररुपमा अघि बढाइएको छ।

जसअनुसार विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ संशोधन, विपद् पूर्वतयारी तथा प्रतिकार्य निर्देशकिका २०८० निर्माण, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि २०८० स्वीकृतिको चरणमा पुगेको छ। छिट्टै त्यसका बाँकी तयारी पूरा गरेर कानुनसम्मत बनाउँदै लागू गर्ने गरी सरकार अघि बढेको छ।

यी सबै कानुन, नीति, निर्देशिका तथा कार्यविधिका विषयमा आवश्यक छलफल गरी अघि बढाउने गरी कार्यकारी समितिले निर्णय नै गरिसकेकाले त्यसको तयारीको काम जारी रहेको पोखरेलले बताउनुभयो। यस वर्षको मनसुनजन्य विपद्बाट हुनसक्ने जनधनको क्षति कम गर्न सम्बन्धित निकायले गर्नुपर्ने कार्यसमेत उल्लेख गरी एकीकृत मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार पार्ने जिम्मेवारी प्राधिकरणलाई दिइएको छ।

> **मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो। भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने विज्ञहरूले बताएका छन्।**

देशका विभिन्न स्थानमा हुनेसक्ने जोखिमलाई मध्यनजर गरी सम्बन्धित निकाय, प्रदेश तथा स्थानीय सरकारहरूले गर्नुपर्ने पूर्वतयारी, उद्धारलगायतका कार्यका लागि उपलब्ध एवं आवश्यक साधनस्रोतको विवरणसहितको कार्ययोजना तयार गरिने प्राधिकरणका प्रमुख पोखरेलले बताउनुभयो।

यस्तै गृह, अर्थ, परराष्ट्र, सङ्घीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र समाज कल्याण परिषद्का प्रतिनिधिबीच बैठक बसी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि, २०८० तयार तयार पार्ने कार्ययोजना बनाइएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार पूर्वाधारका क्षेत्रमा विपद्बाट हुने असरलाई कम गर्न आवश्यक तयारी थालिसकेको छ।

उहाँका अनुसार मनसुनजन्य विपद्का कारण सडक अवरुद्ध भएका ३० मिनेटभित्र सम्बन्धित ठाउँमा पुग्ने र दुई घन्टाभित्र सञ्चालन गर्न सक्ने गरी एक सय २६ स्थानबाट मेसिन परिचालनको योजना बनाइएको छ।

यस्तै एक सय १६ वटा मेसिन र १३ वटा बेलिब्रिज पनि तयारी अवस्थामा राखिएको छ। विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउनुहुन्छ।

उहाँका अनुसार विपद्का दृष्टिले भूकम्पलाई छाडेर हेर्दा पछिल्लो दशक बाढीका कारण हुने मृत्युदर घटेको तर पहिरोबाट हुने क्षति भने बढेको छ। बाढीपहिरोजन्य घटना भने बढेको छ। जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौँथो स्थानमा पर्छ। प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन्।

मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो। भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने विज्ञहरूले बताएका छन्।

हरेक वर्ष दोहोरिने बाढीपहिरो, डुबान, चट्याङ र आगलागीबाट हुने क्षति रोक्न उच्च तयारी आवश्यक हुने उहाँहरूको सुझाव छ।

वर्षाको अनुमान

आगामी मनसुन सिजनमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना आँकलन गरिएको छ। आगामी जेठ १८ देखि असोज १३ सम्मको चार महिनाको मनसुन सिजनमा देशका अधिकांश स्थानहरूमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ। यद्यपि सरदरभन्दा कम वर्षा हुने सम्भावना स्थान विशेष फरक रहेको छ।

जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको विवरण अनुसार आउँदो मनसुनमा सरदभन्दा कम वर्षा हुने अवस्था ३५ देखि ५५ प्रतिशत छ। तथापि कोशी प्रदेशका मध्य तथा उत्तर-पूर्वी भू-भाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भू-भाग र मधेश प्रदेशका अधिकांश भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ।

जसका कारण अधिकतम तापक्रम देशभर सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ५५ प्रतिशत छ। त्यसैगरी न्यूनतम तापक्रम केही स्थानमा सरदर र केही स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ।

धेरैजसो भू-भागमा न्यूनतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशका मध्य भू-भाग, कर्णाली प्रदेशका मध्य पश्चिमी भू-भाग, गण्डकी र बागमती प्रदेशका उत्तरी भू-भाग, लुम्बिनी प्रदेशको पूर्वी तथा पश्चिमी भू-भाग र मधेश प्रदेशका पूर्वी भू-भागमा सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ।

कर्णाली प्रदेशका अधिकांश भू-भाग, गण्डकी प्रदेशका धेरैजसो भू-भाग, सुदूरपश्चिम प्रदेशका मध्य तथा उत्तरका थोरै भू-भाग, लुम्बिनी प्रदेशका पश्चिमी तथा मध्य भू-भाग र कोशी प्रदेशका दक्षिणी भू-भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ।

कोशी प्रदेशका पश्चिमी भू-भाग, बागमती प्रदेशका धेरैजसो भू-भाग, लुम्बिनी प्रदेशका केही भू-भाग र सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, कैलाली, बैतडी तथा बझाङलगायतका भू-भागमा सरदरभन्दा कम हुने सम्भावना ३५ देखि ४५ प्रतिशत छ। कोशी प्रदेशका मध्य तथा उत्तर-पूर्वका थोरै भू-भाग, बागमती प्रदेशका दक्षिण-पूर्वी भू-भाग र मधेश प्रदेशका अधिकांश भू-भागमा सरदर वर्षा हुने ३५ देखि ४५ प्रतिशत सम्भावना छ। रासस

क्लबको समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम। ठाढी युवा क्लब जनकपुरधामको नयाँ कार्य समिति गठन भएको छ। क्लबको प्रथम वार्षिक सधारणसभाले १५ सदस्यीय नयाँ कार्य समिति गठन गरेको छ।

रमेश महतोको नेतृत्वमा क्लबको समिति गठन भएको छ। समितिको उपाध्यक्ष पदमा मुनिर राइन, सचिवमा महेश्वर साह, सहसचिवमा रामउदित महतो र कोषाध्यक्ष नितु शर्मा रहेकी छन्। यस्तै, सदस्यहरुमा कैलाश झा, योकिन्द्र कुमार कुर्मी, कौशल किशोर यादव, लालबाबु महतो, आरती कुमारी साह, इन्द्रकला यादव,पुनम देवी महरा, विमल कुमार यादव, मुकेश साह र पप्पु साह रहेका छन्।यस अघि क्लब तदर्थ समितिले नै संचालन गर्दै आएको थियो।

सो समितिको आयव्यय पनि सधारणसभाले अनुमोदन गरेको छ। साधारणसभा कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रमुख मनोज कुमार साह र उपप्रमुख किशोरी साह लगायतको उपस्थिति रहेको थियो।

जनकपुर टुडे



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

आन्दोलन तीव्र पार

भ्रष्टाचारले आक्रान्त नेपाली समाज यतिखेर आक्रोशित छ । निराश, उदास, हतास जस्तो देखिएको समाज असन्तुष्ट र आक्रोशित भएको छ । भ्रष्टाचारमा हुने ढाकछोपविरुद्ध नागरिक देशभर सडकमा निस्केका छन् । यो सुखद संकेत हो । निराशाले कुनै बदलाव ल्याउँदैन । बरु यो घातक छ । आक्रोश र असन्तुष्टि बढ्नु भने सुखद हो । विद्रोहले नयाँ सृजनाका लागि संघर्ष गर्न प्रेरित गर्छ । बरु खतरा कहाँनेर हुन्छ भने निरन्तरको आक्रोश अराजकतामा परिणत हुन सक्छ । निष्पक्ष सुनुवाइ भएन र 'ठूलाबडा'हरू कारबाहीको दायरामा आएनन् भने आन्दोलनले जस्तोसुकै रूप पनि लिन सक्छ । आम नागरिक विद्रोही हुनुभन्दा पहिल्यै विवेकी राज्यले राम्ररी कुरा सुन्नुपर्छ । सम्बोधन गर्नुपर्छ । तर, नेपाल राज्य यस्तो कठोर बन्दै गएको छ कि यहाँ धनीमानी र पहुँचवालालाई केही हुँदैन भन्ने भाष्य स्थापित हुँदै गएको छ । भ्रष्टाचार र कुशासन यस्तो रोग हो जसले पूरै शरीर थिलथिलो पार्छ । भ्रष्टाचारले यो देशका सबैजसो संरचना मक्काइसकेको छ । देश घर हो भने घरमूली प्रधानमन्त्री, मन्त्री, कर्मचारी हुन् । तिनै मूलीहरूले घर ध्वस्त पारेका छन् । घरको धुरीमा बस्नेहरू निरन्तर घर उधारिरहेका, बेचिरहेका, खोम्निरहेका छन् । घर रक्षक भनेर पठाएकाहरू नै घर भक्षक बनेका छन् । आर्थिक-सामाजिक रूपमा पछि पारिएका समुदायदेखि धनीमानी सबैलाई जसरी पनि यो देश छोड्न मन छ । त्यसैको परिणाम हो- शरणार्थी बनेर अमेरिकाको शरण पर्ने चाहना । देश छोड्नलाई करोड रुपैयाँसम्म बुझाउने गरी देश भ्रष्ट कसले बनायो ? यो देश बन्दै बन्दैन भन्ने सोच व्याप्त छ, यस्तो सोच कसले अगाडि बढायो ? राजनीति गर्नेहरू समाज बदल्छु भन्छन् तर कस्तो गरी बदले त समाज ? देशभित्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था ध्वस्त पारिएको छ । नेपालमा पढेर-बसेर केही हुन्न, बाहिर जानै पर्छ भन्ने बाध्यता बढेको छ । आम नागरिकले तिरेको कर उनीहरूको शिक्षा र स्वास्थ्यमा खर्च भइरहेको छैन । कर त धनीमानी, नेताजी, साहुजी, टाउके शासक-प्रशासकहरूको सेवामा, विलासितामा खन्याइएको छ । रोजगारीका क्षेत्र खुम्चिएका छन् । रोजगारी बढाउने कुनै गुन्जायस नै छैन । कमिशन एजेण्ट र ठेकेदारले विकासे धन कब्जामा लिएका छन्, रातारात अकुत सम्पत्तिका मालिक बनेका छन् । देशको आर्थिक-सामाजिक सवालमा युवाहरू तातेको यो अवस्था सुन्दर पक्ष हो । यो राजनीतिक व्यवस्थालाई उल्ट्याउने गरी होइन, राज्यका अंग-प्रत्यंगका पात्रहरू, दलहरू, नेताजीहरूलाई जवाफदेही बनाउने अभियान अब छेडिनुपर्छ । लोकतन्त्रको विकल्प खोज्नेहरूलाई सघाउ पुग्न भने दिनुहुँदैन । विद्रोह शान्तिपूर्ण र रचनात्मक हुनु जरुरी छ । काम गर्न भनेर कुर्सीमा बसेका-बस्न लागेकाहरूसँग आम नागरिक करदाताहरू मुखमुख लाग्नुपर्छ । आफूले तिरेको कर खानेहरूसँग मुखमुख लाग्नु अपराध होइन । घर-घरमा, चोक-चोकमा प्रिन्ट गरेर, वाल पेन्टिङ गरेर, कपडामा लेखेर, कागजमा लेखेर टाँस्नुपर्छ यी प्रश्न सधैं सोध्नुपर्छ । सरकारले ती भ्रष्टाचारमा मुछिएकाहरुलाई उन्मुक्ति नदिलाओस त्यसकालागि आन्दोलनलाई तीव्र पार्नु पर्छ ।

अन्तर्राष्ट्रिय बजारमा नेपाली चलचित्र



भेषराज कार्की

नेपालमा विदेशी चलचित्रले राम्रो कमाइ गरिरहँदा विदेशमा नेपाली चलचित्रले पनि आफूलाई अब्बल सावित गरिरहेको छ । गुणस्तरीय चलचित्र बनाउने मात्र होइन, विदेशमै छायाङ्कन गरेर त्यहीँ चलचित्र भवन (हल) मा प्रदर्शन भइरहेका छन् । नेपाली माटोको सुन्दरता र मौलिकता चलचित्रमार्फत देखाउने प्रयासमा चलचित्रकर्मी छन् ।

पछिल्लो समय नेपाली चलचित्रले लगानी उठाउने मात्र नभई विदेशी बजारबाट मुनाफासमेत प्राप्त गर्न थालेको छ । नेपालमा राम्रो भनिएका र प्रतिष्ठित समूहले निर्माण गरेका चलचित्रलाई विदेशमा रहेका दर्शकले हेर्न लालायित हुने भएकाले पनि विदेशबाट राम्रै मुनाफा स्वदेश भित्रिने गरेको छ । मुनाफासँगै यसले बजार विस्तारमा टेवा पुर्‍याइरहेको छ ।

'जात्रा', 'शत्रु गते', 'जात्रैजात्रा' र 'महापुरूष' निर्देशन गर्नुभएका निर्देशक प्रदीप भट्टराईले विदेशी बजारले गर्दा निर्मातालाई चलचित्र बनाउन आँट आउने बताउनुभयो । "स्वदेशी बजारबाट लगानी गर्न प्रेरित नहुँदा पनि विदेशमा बिक्री हुने प्रदर्शन अधिकारबापत प्राप्त हुने रकमले धेरै निर्मातालाई सहज बनाएको छ", उहाँले भन्नुभयो, "मैले निर्देशन गरेका चलचित्रले नेपाली बजारमा भैँ बाहिर पनि व्यापार गरेका छन् । यसले गर्दा हामीलाई लगानीमा सङ्कोच मान्नुपर्ने अवस्था छैन ।"

उहाँको निर्देशनमा तयार हुने 'जात्रा' को तेस्रो शृङ्खलासमेत विदेशमा बिक्री भइसकेको छ । यो चलचित्र बन्ने आधिकारिक घोषणा नभए तापनि पछिल्लो चलचित्रको व्यापारको आधारमा बिक्री भइरहेका हो । विशेषतःविदेशमा मौलिक नेपालीपन बोकेको चलचित्रको बजार बलियो देखिएको छ । सरल नेपाली चलचित्र हेर्न परिवार नै साथै आउने गरेका छन् ।

हुन त समीक्षक नेपाली चलचित्रको कथावस्तु, छायाङ्कन, प्राविधिक पक्ष कमजोर हुँदा विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्न समस्या भएको दाबी गर्छन् । मौलिक कथा र कलात्मक प्रस्तुति बाहेकका चलचित्रलाई विश्व बजारमा प्रतिस्पर्धा गर्न सहज छैन । नेपालपछि नेपाली चलचित्रका लागि अष्ट्रेलिया, अमेरिका, जापान, बेलायतलगायतको देश ठूलो बजार बनिरहेको छ । ती देशमा छक्का पञ्जा, जात्रा, कबड्डी शृङ्खला निर्माण अगाडि नै बिक्री हुने गरेका छन् । यी शृङ्खलाका पछिल्लो चलचित्रले स्थानीय वितरकलाई समेत मनग्य मुनाफा दिएको थियो । कुनै समय रेस्टुराँ वा सामुदायिक भवनमा प्रदर्शन हुने ती चलचित्र अहिले विदेशी भैँ हलमै हुने गरेको छ ।

पछिल्लो समय बजार विस्तार मात्र भएको छैन कि प्रदर्शन गर्ने शैली पनि परिवर्तन भएको छ । संयुक्तराज्य अमेरिकामा नेपाली चलचित्र प्रदर्शन गर्ने कम्पनीमध्येको एक नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीका निर्देशक प्रतीक सुवेदीले केही निर्माताका चलचित्रले राम्रै दर्शक पाइरहेको बताउनुभयो । "समय मिलाएर आउनुपर्ने भएकाले नेपालमा पाउने समीक्षाले यहाँ विशेष प्रभाव पार्छ । हामीले विदेशी भैँ नेपाली चलचित्र प्रदर्शन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "यहाँ सपरिवार हेर्न मिल्ने नेपाली स्वादको चलचित्र प्राथमिकतामा पर्ने गरेका छन् ।"

उहाँले अमेरिकासँगै क्यानडा, बेलायतमा समेत चलचित्र भवनमै प्रदर्शन गर्नुहुन्छ । रेस्टुरेन्ट, सामुदायिक भवनसँगै व्यक्तिगत रूपमा हल बुक गरेर चलचित्रको प्रदर्शनी गर्ने शैलीमा परिवर्तन आएको छ । प्रदर्शक तथा वितरक सुवेदीका अनुसार व्यक्तिगत सोका रूपमा केही घन्टाका लागि चलचित्र भवन भाडामा लिएर देखाइने चलचित्र हेर्न तिर्नुपर्ने शुल्क बक्स अफिसमा टिकट काटेर हेरिएका चलचित्रभन्दा महँगो पर्न जान्छ । "बुक गरेर प्रदर्शन गर्दा ३० डलरसम्म पर्ने गरेको हुन्छ । त्यसबाहेक सम्पूर्ण व्यवस्थापन प्रदर्शक स्वयंले गर्नुपर्छ । तर बक्स अफिसमा प्रदर्शन गर्दा हामीलाई त्यो झन्झट हुँदैन । साथै आफूलाई पायक पर्ने समयमा दर्शकले समेत हेर्न पाउछन्", प्रदर्शक सुवेदीले भन्नुभयो । उहाँले ' प्रेम गीत ३', 'महापुरूष', 'जारी' लगायतका चलचित्र नियमितरूपमै प्रदर्शन गर्नुभयो ।

अष्ट्रेलियामा सोही शैलीमा चलचित्र 'प्रसाद २' प्रदर्शन भइरहेको छ । स्थानीय प्रदर्शक नमस्ते इन्टरनेटमेन्टका देव कार्कीले विस्तारै यहिँ क्रम बढ्ने बताउनुभयो । "हामीले चलचित्र भवनलाई सहज बनाइदिएका हौँ । चलचित्र आफैँ ल्याएर सम्पूर्ण जिम्मेवारी लिएर प्रदर्शन गर्दा चलचित्र भवनको दायित्व नै देखिएन् । अहिले परिवर्तन भइरहेको छ", प्रदर्शक कार्कीले भन्नुभयो, "विदेशमा मौलिकता बोकेको र प्रतिष्ठित समूहले निर्माण गरेका नेपाली चलचित्रको बजार निकै राम्रो छ । नामकै आधारमा समेत प्रदर्शन अधिकार खरिद हुने गरेको छ", प्रदर्शक कार्कीले भन्नुभए भैँ केही चलचित्रको विश्व प्रदर्शन अधिकार निर्माणपूर्व नै खरिद गर्न विदेशमा रहेका प्रदर्शक अधैर्य रहेका छन् ।

'कबड्डी' शृङ्खलामार्फत स्थापित निर्देशक बन्नुभएका निर्माता तथा निर्देशक रामबाबु गुरुङले आउँदो दुई चलचित्र 'कबड्डी ५' र 'म हुँ डिग्री माइला' विदेश प्रदर्शन अधिकार लगभग विक्री भइसकेको जानकारी दिनुभयो । गत वर्ष प्रदर्शनमा आएको चलचित्र 'कबड्डी ४ : द फाइनल म्याच' को व्यापारले गर्दा आफ्ना आगामी दुई चलचित्र नबन्दै बिक्री भएको उहाँको बुझाइ छ ।

निर्देशक गुरुङले भन्नुभयो, "कबड्डीदेखि हाम्रो समूहमार्फत तयार भएको चलचित्रको विदेशी बजार बढिरहेको छ । अहिले चलचित्र निर्माण गर्न हामीलाई विषयवस्तुमा मात्र चुनौती हो । लगानीका हिसाबले हामी ढुक्क हुने अवस्था अन्तर्राष्ट्रिय बजारबाट नै छ ।"

अष्ट्रेलियामा नेपाली चलचित्रको बजारलाई नजिकबाट बुझ्नुभएका रङ्ग पत्रकार राजन घिमिरेले सीमित चलचित्रकर्मीको चलचित्र निर्माणअगावै बिक्री हुने गरेको जानकारी दिनुभयो । "अहिले विदेशी बजारमा खोजिएको जस्तो चलचित्र बनाउनसके बजार विस्तारसँगै मुनाफा पनि आर्जन गर्न सकिन्छ", पत्रकार घिमिरेले भन्नुभयो ।

निर्माणकै क्रममा 'पशुपति प्रसाद २ : भष्मे डन', 'दिमाग खराब','नाङ्गो गाउँ' को विदेश प्रदर्शन अधिकार बिक्री भइरहेको छ । अहिले बढिरहेको बजारलाई दीर्घकालीनरूपमा व्यवस्थित बनाउनुपर्ने निर्देशक दीपेन्द्र लामाले बताउनुभयो । "विदेशमा रहेका चलचित्र प्रेमीका कारण बजार बढिरहेको छ । यसमा सम्बन्धित निकायले पहल गर्नसके यसको प्रत्यक्ष लाभ चलचित्रकर्मीलाई नै हुनेछ", उहाँले भन्नुभयो ।

निर्मातासँगै कलाकारसमेत रहनुभएका रवीन्द्रसिंह बानियाँलाई व्यक्तिगतरूपमा रेस्टुरेन्ट, सामुदायिक भवनमा चलचित्र देखाइएको अनुभवसमेत छ । उहाँ निर्मित 'टल्क जङ्ग भर्सेस टुल्के' नेपालबाहेक अन्य धेरै देशमा प्रदर्शन भएको थियो । त्यो समयमा विदेश प्रदर्शनभन्दा पनि भिसिडी अधिकारी बिक्री गर्ने प्रचलन थियो ।

खुलारूपमा प्रदर्शन गर्दा पाइरेसीको जोखिम उत्तिकै हुन्थ्यो । तर अहिले विदेशी बजारमा चलचित्र भवनमै हुने प्रदर्शनले नेपाली निर्मातालाई पाइरेसीको समस्याबाट छुटकारा दिलाउन सफल भएको निर्माता बानियाँले बताउनुभयो । "नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार बढाउन हामी चलचित्रकर्मी पनि उत्तिकै सजग र जिम्मेवार हुनुपर्छ । अहिले हाम्रो उद्देश्य मुनाफाभन्दा पनि राम्रोसँग प्रदर्शन गर्ने हुनुपर्छ । बढिरहेको बजारले हामीलाई ठूलो फाइदा दिने छ", निर्माता बानियाँले भन्नुभयो ।

यो वर्ष पनि नेपाली चलचित्रको उपस्थिति अन्तर्राष्ट्रिय बजारमा राम्रो देखिनेछ । किनकी दसैं तिहारसम्म प्रदर्शन घोषणा भएका प्रतिष्ठित समूहका चलचित्रको प्रदर्शन अन्तर्राष्ट्रिय बजारमा समेत नेपालसँगै हुँदैछ । बजार विस्तारमा चलचित्र विकास बोर्डले पनि अध्ययन गरिरहेको सदस्य रवि अधिकारीले जानकारी दिनुभयो । बोर्डअन्तर्गत रहेको 'चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन समिति' का संयोजकसमेत रहनुभएका अधिकारीले कार्ययोजनाअनुरूप कामलाई अगाडि बढाउने बताउनुभयो ।

"निजीस्तरबाट भएका पहल प्रशंसनीय छ । त्यसमा सरकारको उपस्थिति महसुस हुनेगरी काम गर्नेछौँ । हामी सहयोग गर्न सदैव तत्पर छौँ", सदस्य अधिकारीले भन्नुभयो । उहाँले आफू संयोजक रहेको समितिले बैठक गरेर अपनाउनुपर्ने कार्यदिशाको छलफल गरिरहेकोसमेत जानकारी दिनभयो । प्रविधिले दिएको सहजतासँगै नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तारमा देखिएको सम्भावनाले आगामी दिन सुनौलो रहेको सङ्केत गर्दछ ।

बखतबहादुरको योगदान चलचित्रकलादेखि बौद्ध दर्शन प्रवर्द्धनसम्म

श्याम रिमाल

चलचित्र निर्माणमा फोटोग्राफी र क्यामराको कामको निरीक्षण वा निर्देशन तथा क्यामरा सञ्चालनसम्बन्धी अध्ययन गर्नुभएका नेपालको पहिलो सिनेमेटोग्राफर

- नेपालमा दश जोड दुई शिक्षा प्रणाली आरम्भकर्ता
- चलचित्र संस्थानका जन्मदाता
- थेरवादी केन्द्रीय दायक परिषद् (विसं २०४९) का अध्यक्ष
- चित्रकार(पुँ) समाजका संस्थापक अध्यक्ष
- नेपालमा व्यवस्थित ढङ्गबाट बुद्धजयन्ती मनाउने कामको आरम्भकर्ता
- विजयादशमीका दिन 'शस्त्रास्त्र परित्याग दिवस' को सुरुआतकर्ता
- इन्द्राणयी मन्दिर, काठमाडौंमा 'अशोक स्मृति चैत्य' स्थापनाकर्ता
- थेरवादी बुद्ध विहार, लुम्बिनीमा पाली, नेपाली र अङ्ग्रेजीमा 'धम्मपद' उत्कीर्णकर्ता
- मन्दिरहरूमा पशुबलिविरुद्ध मुद्दा दिने समाजसेवी



> संसार प्रतीत्य-समुत्पादको नियम अनुसार कार्यकारण सम्बन्धको भावमा सञ्चालन हुने भएकाले समस्त प्राणी जगत् र वस्तु सत्ता यस सिद्धान्तबाट पृथक् छैनन् ।

राणाकालका नामुद चित्रकार तथा फोटोग्राफर कृष्णबहादुर चित्रकारका ज्येष्ठ सुपुत्र बखतबहादुर चित्रकारका धेरै परिचय छन् । विदेशमा चलचित्रमा फोटोग्राफी र क्यामरा प्रयोगको कला अध्ययन गर्ने प्रथम व्यक्तित्व बखतबहादुरको योगदानलाई चिरस्मरणीय बनाउन उहाँका सुपुत्रसुपुत्रीले 'बखतबहादुरको शब्दचित्र स्मृति ग्रन्थ' (२०७९) नै प्रकाशन गरिदिनुभएको छ । पुस्तकमा राष्ट्रिय समाचार समितिका आलेख समाचार प्रमुख रहनुभएका लेखक कृष्ण अधिकारीले बखतबहादुरसँग गर्नुभएको कुराकानी, बखतबहादुरका आलेख, उहाँबारे लेखिएका लेख तथा उहाँका तस्बिरहरू समावेश गरिएको छ ।

देवीदेवताका चित्र कोर्ने-रङरोगन गर्ने परिवारमा जन्मनुभएका उहाँले राणाशासन, पञ्चायतकाल र बहुदलीय गणतान्त्रिक सबै व्यवस्था भोग्नुभयो भने राजनीति, अध्यात्म, शिक्षा, सञ्चार, चलचित्र, फोटोग्राफी, सिनेमेटोग्राफी जस्ता एकापसमा सम्बद्ध-असम्बद्ध विषयमा संलग्न भई योगदान दिनुभयो । यस स्मृति ग्रन्थले बखतबहादुरका तिनै अनगन्ती व्यक्तित्व र योगदानका साथै ती कालका लुकेकाका केही पक्षबारे पनि प्रकाश पार्छ । कामपा, हनुमानढोका नजिक यट्खा टोलमा ९२ वर्षअघि जन्मनुभएका उहाँका पिता कृष्णबहादुर कमान्डर इन चिफ बबरशम्शेर जबरा (अन्तिम राणा प्रधानमन्त्री मोहनशम्शेरका भाइ) को थापाथलीस्थित कार्यालयमा निजी चित्रकार हुनुहुन्थ्यो । "यिन (बबर) को नेतृत्वमा नेपाली सेनालाई द्वितीय विश्वयुद्धमा पठाइएको थियो । अङ्ग्रेजले भारत छोडेर जाने बेला मोहनशम्शेर राणालाई अङ्ग्रेजले आफ्नो भूभाग फिर्ता लिन पत्र लेखेका थिए । तर बबरशम्शेरले राणा शासन नै धर्मरिएको अवस्थामा त्यसो गर्न नहुने भन्दै उनका दाजु मोहनशमशेरलाई रोकेका थिए ।" यो नेपाली जनमानसमा कमै चर्चामा आएको तथ्य हो ।

भारतमा महात्मा गान्धीको हत्या हुँदा काठमाडौंमा अङ्ग्रेजविरुद्ध ठूलो जुलुस निक्लेको र उनको तस्बिर पशुपति आर्यघाटमा विसर्जन गरी श्रद्धाञ्जलि दिइएको तथा १३ औं दिनको पुण्यतिथिमा हनुमानढोका परिसरमा श्रद्धाञ्जलिसभा गरिएको, शिवपुरी नजिकको जङ्गलमा वनभोज गर्ने बहानामा राजा त्रिभुवन सपरिवार दिल्लीमा शरण लिन गएको जस्ता राजनीतिक घटनाका जानकारी पनि यसमा पाइन्छन् । रमाइलो कुरा, बखतबहादुर बाल्यकालमै विद्यालय जीवनदेखि नै गाँधीवादी हुनुहुन्थ्यो जुन राणा विरोधी भावनाको प्रतीक पनि थियो ।

प्रथम आमनिर्वाचन (विसं २०१५) पछि राजा महेन्द्र र प्रधानमन्त्री बिपी कोइरालाको व्यक्तित्व टकराएकाबारे राजनीतिज्ञ विश्वबन्धु थापा राम्रैसँग अवगत हुनुहुन्थ्यो र एक पटक उहाँले भन्नुभएको पनि रहेछ, "एउटै वनमा दुईटा बाघ नअटाउनु जस्तै हो ।" यहाँनेर बखतबहादुरको धारणा भने 'राजामा रहेको घमण्ड र बिपीको एकखालको 'म'वादी स्वभावले पनि विश्वासको सङ्कट ल्याएको थियो । राजा महेन्द्रको राष्ट्रवादी सोच र प्रधानमन्त्री बिपीको विकासवादी सोचलाई एक ठाउँमा सम्मिश्रण गर्न सकेको भए मुलुकले धेरै पहिले नै समृद्धिको यात्रा तय गरिसक्ने' थियो । यस्तै धारणा अहिले पनि केही राजनीतिकर्मी, राजनीतिक विश्लेषक, बुद्धिजीवी, पत्रकार आदिले व्यक्त गरेको पाइन्छ ।

इसाई धर्मको पवित्र पुस्तक 'बाइबल' लाई अङ्ग्रेजीबाट नेपाली भाषामा पहिलो पटक अनुवाद गर्ने श्रेय पाउनुभएका बखतबहादुरले अमेरिकाको एक चर्चका पादरी ब्राउनले उनको धर्ममा परिवर्तन गर्न निकै करबल गर्दा पनि क्रिस्चियन बन्न इन्कार गरेको र सम्भवतः त्यही चिन्ताले बिरामी परेका पादरीका लागि मात्र आफू क्रिश्चियन बनेको र नेपालको कुन चर्चमा कसलाई भेट्नुपर्ने भनी पत्र पठाएको कुराले मानिस आफ्नो धर्ममा कत्तिसम्म कट्टर हुँदा रहेछन् (यहाँ ब्राउन र बखतबहादुर दुवै) भन्ने ज्ञात हुन्छ । नेपाल सरकारको ३५ वर्ष लामो निजामती सेवा गरी सहसचिवबाट अवकाशप्राप्त उहाँका 'फोटोग्राफी' (२०४३) र 'नयाँ नेपालको समावेशी धर्म'.२०६४) पुस्तकका साथै 'शिक्षक' र 'गाउँ विकासमा प्रौढ शिक्षा' शीर्षकका वृत्तचित्र पनि प्रकाशन भएका छन् । विदेशमा अध्ययन र भ्रमणका क्रममा नेपाल र नेपालीबारे वृत्तचित्र आदिका माध्यमबाट विश्वमा चिनाउन उहाँले दिनुभएको योगदान अविष्मरणीय छ । नेपालका मन्दिरहरूमा हुने पशुबलिविरुद्ध सर्वोच्च अदालतमा उहाँले दिनुभएको मुद्दाको फैसला भने दर्जनौं पटक पेसी चढ्दा पनि हुन नसकेको कृतिमा उल्लेख छ ।

एघार अध्यायमा विभाजित प्रस्तुत ग्रन्थमा ३० भन्दा बढी विभिन्न राजनीतिक-आध्यात्मिक-प्रशासक-शिक्षासेवी-कलाकार आदि व्यक्तित्व (केशरबहादुर विष्ट, पूर्णबहादुर खड्का, सागरप्रताप राणा, धम्मावती गुरुमा, प्रा डा भीमदेव भट्ट, सानुराजा शाक्य, डा सुरेशराज शर्मा, डा राजेन्द्र सुवाल आदि) तथा परिवारका सदस्य र केही नातेदारका केही संस्मरणात्मक लेखरचना पनि समाविष्ट छन् जसले उहाँको व्यक्तित्वमा अझै प्रकाश पार्छन् । उहाँले लेखेका केही लेख र उहाँसँग पत्रकारले लिएको अन्तर्वार्ताले कृतिलाई आधिकारिता दिन बल दिएको छ । बखतबहादुरको आफ्नो जीवनसँग सम्बन्धित र परिवारका सदस्य, उहाँ संलग्न ऐतिहासिक-राजनीतिक-धार्मिक क्षेत्र, सिनेमेटोग्राफी-फोटोग्राफी आदिसम्बन्धमा प्राप्त सम्मानपत्र झल्कने श्यामश्वेत र रङ्गीन चित्रले कृतिमा अझ सौन्दर्य थपेका छन् ।

कृतिमा केही तथ्यगत त्रुटि पनि भेटिन्छन्, जस्तैस पुरातत्त्वविद् फेडरेर (हुनुपर्ने फुहरर), वीरगन्जमा मुक्ति सेनाको नेतृत्व गर्ने धीरबम मल्ल (हुनुपर्ने थीरबम मल्ल), सन् १९६४ (विसं २०२१तिर) मा प्रधानमन्त्री मातृकाप्रसाद कोइराला (हुनुपर्ने विसं २००८ र ०११ तिर) आदि । पुस्तकमा केही अलि बढी लेखकीय भावनाका कुरा पनि आएका छन् । जुन क्षेत्र र स्थानमा रहेर पनि सदैव मुलुककै लागि योगदान दिनुभएका बखतबहादुरको यो स्मृतिग्रन्थ पत्रकारिता, धर्म, शिक्षा, इतिहास, राजनीति आदि क्षेत्रका सबैलाई उपयोगी र सङ्ग्रहणीय नै हुने विश्वास लिन सकिन्छ ।

पूर्वसभासद् शेर्पाविरुद्ध पक्राउ पुर्जी जारी

काठमाण्डु । नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वसभासद् आङ्टावा शेर्पाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत काठमाडौँले शेर्पाविरुद्ध पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

शेर्पाले अमेरिका पठाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम असुलेको र यो प्रकरण सार्वजनिक भएपछि नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका सानु भण्डारीलाई भेटेको आरोप लागेको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा थापाविरुद्ध पक्राउ पुर्जी जारी

नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोप लागेका प्रतीक थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। जिल्ला अदालत काठमाडौँले थापाविरुद्ध पक्राउ पुर्जी जारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ।

थापा पूर्वगृहमन्त्री एवं नेकपा (एमाले) उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा हुन्। तत्कालीन गृहमन्त्री थापाका सल्लाहकार रहेका इन्द्रजित राई पक्राउ परेपछि अनुसन्धान गर्दा प्रतीक थापा पनि उक्त घटनामा संलग्न रहेको प्रमाण भेटिएपछि थापाविरुद्ध पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ। प्रतीकले यसअघि विज्ञप्ति निकालेर उक्त घटनामा आफ्नो नाम जोडिएको भन्दै आपत्ति जनाएका थिए।

अहिलेसम्म नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, सचिव टेकनारायण पाण्डे, इन्द्रजित राईलगायत १२ जना पक्राउ परिसकेका छन्।

पक्राउ पुर्जी जारी भएका तत्कालीन उपप्रधानमन्त्री एवं एमाले सचिव टोपबहादुर रायमाझी र इन्द्रजितका छोरा निरज राई भने फरार रहेका र उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा छानविन सुरु भएपछि जनस्तर तथा राजनीतिक दलकै तर्फबाट निष्पक्ष छानविन र दोषीमाथि कारबाहीको माग गर्दै सरकारलाई दबाब बढिरहेको छ। रासस

सांसदले प्रतिनिधि सभामा जिन्स र टिसर्ट लगाउन नपाउने

कार्यव्यवस्था बैठकमा सभामुख घिमिरेले उठाएका थिए पोशाकको विषय

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधि सभाको कार्यव्यवस्था परामर्श समितिले संसद बैठकमा टिसर्ट र जिन्स लगाउन नपाउने निर्णय गरेको छ।

सभामुख, उपसभामुख, कानून मन्त्री सहित दलका प्रमुख सचेतक र मनोनित सांसद रहने समितिले प्रतिनिधि सभा बैठकमा सांसदहरूले मर्यादित पोशाक लगाउनुपर्ने निर्णय गरेको हो। सभामुख देवराज घिमिरेले कार्यव्यवस्था परामर्श समितिमा पोशाकलाई छलफलको विषय बनाएका थिए।

छलफलमा सांसदहरूलाई कोट अनिवार्य गर्ने र 'टिसर्ट र जिन्स' लगाउन नमिल्ने निर्णय भएको हो।

'अमर्यादित पोशाक नलगाउने र मर्यादित पोशाक लगाउने बरू सांस्कृतिक पहिचान झल्कन मिल्ने पोशाक लगाउने कुरा भयो,' संघीय संसद सचिवालयका प्रवक्ता एकराम गिरीले भने, 'प्रतिक चिन्हको सम्मानका साथ प्रयोग गर्ने कुरा भयो।'

अमर्यादित पोशाकका बारेमा भने नियमावलीमा स्पष्ट व्यवस्था नभएको पनि उनले बताए।

'अमर्यादित पोशाक के हो भन्ने विषयमा भने नियमावलीमा स्पष्ट व्यवस्था छैन,' गिरीले भने, 'सामान्यता बुझ्दाखेरि जिन्स र टिसर्टहरू नलगाउने भन्ने कुरा हो।

संसदको गरिमा कायम राख्न मर्यादित पोशाक लगाउने भन्ने कुरा भएको हो।'

नेकपा एमालेकी सांसद विद्या भट्टराईले कार्यव्यवस्था परामर्श समितिको सुझावमा सभामुखले पोशाक तोक्न सक्ने व्यवस्था प्रतिनिधि सभाको नियमावलीले गरेको बताइन्।

'सामाजिक सञ्जालमा पनि केहीदिन देखि प्रश्न आए। सांसदहरूले औपचारिक खालका पोशाक लगाउँदा राम्रो हुन्छ भन्ने कुरा भए,' भट्टराईले भनिन्, 'नीति तथा कार्यक्रम पेश हुने बेला भएकाले पहिला पनि सामान्यतया औपचारिक पोशाकमा आउने भन्ने खालका कुरा हुन्थे। त्यहि सन्दर्भलाई जोडेर गरिमा कायम हुने पोशाक लगाउने कुरा भयो।'

'सांसदको पहिचानका लागि 'हाफ कोट' अथवा कोट लगाउने बाहिर भन्ने भयो। जिन्स पाइन्ट टाइपको इन्फर्मल अथवा 'क्याजुअल ड्रेस' नलगाउने भन्ने कुरा भयो,' उनले थपिन्।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले औपचारिक पोशाक अथवा परम्परा, संस्कृति झल्कने पोशाक लगाउने भनेर नियमावलीमा लेखिएको बताए।

'कसैको परम्परा झल्कने सांस्कृतिक पोशाक छ भने अगल कुरा भयो नभए कोट लगाउने, कोटमा लोगो लगाउने, कुर्ता पाइजामा लगाउने हो भने बाहिरपट्टी 'वेस्ट कोट' वा हाफ कोटमा लोगो लगाउने कुरा भयो,' लेखकले भने, 'टिसर्टमा सर्टमा वा स्विटरमा वा ब्लाउजमा अनि कुर्ता वा सलवार लगाउँदा कुर्तामा लोगो नलगाउने भन्ने हो।'

कांग्रेसकै सांसद नगिना यादवले सभ्य कपडा लगाउने निर्णय भएको बताइन्।

'लोगो अनिवार्य गर्ने अनि पोशाकमा सभ्य लगाउँदा राम्रो। कसैकसैले जिन्स नै लगाएर गैदिन्छ। कसैले टिसर्ट लगाएर गइदिन्छ। त्यसमा लोगो लगाउँछ। कम्तिमा आफ्नो संस्कृति झल्काउने किसिमको सम्म अथवा कोट लगाएर लोगो लगाउने भन्ने कुरा भयो,' उनले कपडाबारे भएको निर्णय उचित भएको बताइन्।

'सांसद जस्तो गरिमामय पद भएकाले सांसद जस्तो पनि देखिनुपर्‍यो,' यादवले भनिन्, 'संसदमा जाँदाखेरि संस्कृति अनुसारको सभ्य ड्रेस लगाउने कोटलाई अनिवार्य गर्ने कुरा भयो। सबैको कुरा एउटै आयो। जिन्स लगाएर सदनमा नजाने, वास्तवमा जिन्स र टिसर्ट राम्रो देखिँदैन। त्यसले जिन्स नलगाउने र सभ्य ड्रेस लगाएर त्यसमा लोगो लगाउने भन्ने कुरा भयो।'

संसदीय सुनुवाइ समितिमा ६ दलका सांसद रहने

टुडे समाचारदाता

काठमाण्डु । संसदको संसदीय सुनुवाइ समितिमा ६ दलका सांसदहरू हुने भएका छन्। आइतबार बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकले विभिन्न दलबाट समितिमा रहने सांसदहरूको संख्या टुंगो लगाएको हो। नेकपा (एमाले) का प्रमुख सचेतक पदम गिरीका अनुसार सुनुवाइ समितिमा नेपाली कांग्रेस र एमालेका समान ५/५ जना सांसद हुने भएका छन्।

त्यस्तै माओवादी केन्द्रबाट २, राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीले १/१ सदस्य पाएका छन्। तीन दलका शीर्ष नेताहरूबीच आजै संसदीय सुनुवाइ समितिको सभापति नेपाली कांग्रेसले पाउने टुंगो भएको छ। समितिले संवैधानिक अंगका पदाधिकारी र विभिन्न देशका राजदूतहरूको नियुक्तिका लागि भएको सिफारिसमा सुनुवाइ गर्छ।

सिफारिस संसदीय समितिबाट अनुमोदन भएपछि सम्बन्धित पदमा नियुक्ति हुन्छ। हालै संवैधानिक परिषद्ले प्रधानन्यायाधीशमा हरिकृष्ण कार्कीलाई सिफारिस गरेको छ। अहिले कायममुकायम प्रधानन्यायाधीश रहेका कार्की संसदीय सुनुवाइबाट अनुमोदन भए प्रधानन्यायाधीश नियुक्त हुने छन्।

संसदीय समितिको नेतृत्वमा मिल्यो तीन दलबीच कुरा

टुडे समाचारदाता

काठमाण्डु । संसदीय समितिको कसले पाउने भन्नेबारे प्रमुख तीन दलबीच सहमति जुटेको छ। आइतबार बालुवाटारमा बसेको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली र तीनै दलका सचेतकसहितको बैठकले संसदीय समितिको टुंगो लगाएको एमाले नेता सुवास नेम्वाङले जानकारी दिए।

संसदीय दलका उपनेता समेत रहेका नेम्वाङले एमालेले पाउने समिति टुंगो लागेको बताए।

'यसअघि भएकै सहमतिअनुसार एमाले सार्वजनिक लेखा, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व र अर्को एउटा समिति एमालेले पाउनेमा सहमति जुटेको छ। बाँकी समिति सत्तापक्षले बाँडेर लिनेछ,' उनले सेतोपाटीसँग भने, 'हामी यसमा लचिलो भयौं। यसअघि संवैधानिक परिषदमा बैठकमा पनि हामीले सत्तापक्षलाई सजिलो बनाइदिएका थियौं।'

संसद् सञ्चालनमा सत्ता पक्ष र प्रतिपक्ष आधारभूत रूपमा एक भएर जान सहमत भएको पनि जानकारी दिए।

बालुवाटारमा भएको सहमतिअनुसार समितिका सभापतिहरूको टुंगो आजै लाग्ने बताइएको छ। त्यसका लागि सिंहदरबारमा अहिले कार्यव्यवस्था परामर्श समितिको बैठक बसिरहेको छ।

आइतबारको बैठकमा सुरूमा प्रधानमन्त्री प्रचण्ड, देउवा, ओली सहभागी थिए। शीर्ष नेताको छलफलपछि संसदीय दलका उपनेता र सचेतक पनि बोलाइएको थियो।

बैठकमा एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङ, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, माओवादीका सचेतक हितराज पाण्डे सहभागी थिए।

परराष्ट्रमन्त्री साउद र बङ्गलादेशका प्रधानमन्त्री हसिनाबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री एनपी साउद र बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाबीच भेटवार्ता भएको छ। बङ्गलादेशको राजधानी ढाकामा उहाँहरुबीच आज भेटवार्ता भएको हो।

भेटमा दुई पक्षीय हितका विभिन्न विषयबारे छलफल भएको परराष्ट्रमन्त्री साउदको सचिवालयले जनाएको छ। छलफलको क्रममा नेपाल र बङ्गलादेशबीचको सम्बन्धलाई सुदृढ तुल्याउने, सीमापार कनेक्टिभिटी, व्यापार, पारवहन, ऊर्जा व्यापार, शिक्षालगायत अन्य सम्बन्धित क्षेत्रमा विशेष जोड दिइएको बताइएको छ।

ढाकामा आयोजित छैटौँ इन्डियन ओसन कन्फ्रेन्स-२०२३ मा भाग लिन मन्त्री साउद शुक्रबार ढाका जानुभएको थियो। ढाकामा रहँदा उहाँले शुक्रबार नै भारतीय समकक्षी एस. जयशङ्करसँग भेटवार्ता गर्नुभएको थियो। जयशङ्करसँगको भेटघाटमा समग्र दुई पक्षीय सम्बन्ध, सम्पर्क सञ्जाल, सडक सञ्जाल र जनस्तरको सम्बन्धबारे छलफल भएको साउदले बताउनुभयो।

हिन्द महासागर क्षेत्रको मजबुत भविष्यका लागि शान्ति, समृद्धि र सहकार्य गर्न मूल कार्यपत्रमा छलफल गर्न ढाकामा सम्मेलन आयोजना गरिएको थियो।

भारतीय विदेश मन्त्रालय, इन्डिया फाउण्डेशन र बङ्गलादेशको विदेश मन्त्रालयको संयुक्त आयोजनामो सम्मेलन आयोजना भएको थियो। परराष्ट्रमन्त्री साउद आइतबार बेलुकी स्वदेश फर्कँदै हुनुहुन्छ।

बेलायती राजा चार्ल्स तृतीयको राज्याभिषेकमा सहभागी भएर स्वदेश फर्किएको दुई दिनपछि उहाँ बङ्गलादेश जानुभएको थियो। रासस

सरकारको नीति तथा कार्यक्रम जेठ ५ गते संसदमा प्रस्तुत हुने

टुडे समाचारदाता

काठमाण्डु । आर्थिक वर्ष २०८०/०८१ का लागि सरकारले जेठ ५ गते नीति तथा कार्यक्रम ल्याउने भएको छ। मन्त्रिपरिषद् स्रोतका अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले जेठ ५ गते संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम पढेर सुनाउने छन्।

'यसबारे राष्ट्रपति कार्यालय र संसद सचिवालयमा जानकारी गराइसकिएको छ,' स्रोतले भने।

राष्ट्रपति पौडेलले पहिलो पटक सरकारको नीति तथा कार्यक्रम संसदमा प्रस्तुत गर्न लागेका हुन्। नीति तथा कार्यक्रममा आधारित भएर सरकारले आगामी वर्षको बजेट निर्माण गर्छ। सरकारले जेठ १५ मा बजेट ल्याउनु पर्ने व्यवस्था छ।

राप्रपाको केन्द्रीय समिति बैठक आज

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को सोमबारदेखि केन्द्रीय समितिको पूर्ण बैठक काठमाडौँको धूम्रबाराहीमा सुरु हुने भएको छ।

आगामी जेठ ३ गतेसम्म चल्ने बैठकमा मुलुकको समसामयिक राजनीतिक अवस्था, निर्वाचनको समीक्षा, प्रदेश तथा जिल्लामा भएका साङ्गठनिक गतिविधिको समीक्षा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबारे छलफल गरिने नेता राजाराम श्रेष्ठले जानकारी दिनुभयो।

अध्यक्ष राजेन्द्र लिङ्देनलेभाविकार्यदिशासम्बन्धी राजनीतिक प्रतिवेदन तथा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले पार्टीको सङ्गठनको रणनीति र कार्यनीतिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुहुनेछ। सचिवालयसम्बन्धी र आर्थिक प्रतिवेदन पनि पेस गरिनेछ।

बैठकमा पेस हुने सबै प्रतिवेदनमाथि केन्द्रीय सदस्यले आफ्नो धारणा राख्नेछन्।

पार्टीको कार्ययोजनाको समीक्षा गरी आगामी कार्यदिशा तय गरिनेछ। गत साउनमा सम्पन्न पूर्ण बैठक करिब १० महिनापछि बस्न लागेको बैठकको तयारी सबै पूरा भएको जनाइएको छ।

यही वैशाख ३० र ३१ गते बस्ने गरी मिति तय भएको बैठक थप तयारी गर्नुपर्ने भएकाले जेठमा सारिएको थियो। रासस

नेपाल अन्तर्राष्ट्रिय चलचित्रको छायाङ्कन गन्तव्य बन्न सक्छ : उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाल अन्तर्राष्ट्रिय चलचित्रको छायाङ्कन गन्तव्य बन्न सक्ने बताउनुभएको छ। नेपाल चलचित्र प्राविधिक सङ्घ (नेफ्टा) ले काठमाडौँमा आयोजना गरेको 'नेफ्टा चलचित्र अवार्ड-२०२३' को उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक कार्यक्रममा चलचित्रकर्मीलाई प्रमाणपत्र वितरण गर्दै उपराष्ट्रपति यादवले नेपालको प्रचार गर्न कलाकर्मीलाई आग्रह गर्नुभयो।

"विदेशी चलचित्रलाई यहाँको प्राकृतिक सुन्दरताले आकर्षित गर्छ। हामीले एकजुट हुँदै सहकार्य गरेर नेपाललाई अन्तर्राष्ट्रिय चलचित्रको छायाङ्कन गन्तव्य बनाउन सक्छौँ", उहाँले भन्नुभयो, "नेपाली चलचित्र अहिले विश्वभर खोजिएको सुन्दा र देख्दा खुसी लाग्छ। विदेशी बजारमा बलियो बन्न प्रवर्द्धन गर्नु जरुरी छ।"

उहाँले नेपाली चलचित्रलाई छ दशक लामो यात्रामा पर्दा पछाडि रहेर सघाएका प्राविधिकहरूको कार्यक्रममा सहभागी हुन पाउँदा खुसी लागेको बताउनुभयो। "चलचित्रले मनोरञ्जनप्रदान गर्नेमात्रनभई हाम्रो मौलिक भाषा, वेशभूषा, संस्कृति, इतिहासको संरक्षण र संवर्द्धन पनि गरिरहेको छ। यो सिर्जनशील कलाकर्मीको मेहनत र लगावको प्रतिफल हो", उपराष्ट्रपति यादवले भन्नुभयो।

कार्यक्रममा उत्कृष्ट पाँचको घोषणासँगै प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, कलाकार नीर शाह, रमेश उप्रेती, भुवन चन्द, चैत्य देवी, वसुन्धरा भुसाल, दीपाश्री निरौला, बेनिशा हमाल, निर्मल शर्मा, निर्देशक हेमराज बिसी, निर्माता मणिराम पोखरेललगायतको उपस्थिति थियो।

नेपाली चलचित्रमा प्राविधिकका रूपमा कार्यरतहरूको छाता सङ्गठनले आयोजना गरेको कार्यक्रममा उपस्थित सम्पूर्णलाई नेफ्टा अध्यक्ष पुष्कर लामाले धन्यवाद दिनुभयो। "हामीले गरेको प्रयासमा सधैँ चलचित्रकर्मीको साथ पाएका छौँ। सोही कारण हामी अवार्ड गर्न सक्षम भएका हौँ। निष्पक्षरूपमा अवार्ड सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछु", अध्यक्ष लामाले भन्नुभयो। रासस

ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही

बोलपत्र स्वीकृतिको लागि आशय-पत्र जारी गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०२।०१

यस गाउँपालिकाबाट मिति २०७९।१२।२२ गते प्रकाशित सूचना अनुसार पर्न आएको बोलपत्रहरुको मुल्याङ्कनबाट सारभुत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्रहरु मध्ये न्यूनतम अंक कबोल गरेको तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

बोलपत्र नम्बर	विवरण	फर्मको नाम र ठेगाना	कबोल अंक
BRM/DPNCB/079/080/01	अधुरो स्वास्थ्य भवन निर्माण ब्रहमपुरी १	रजत कन्सट्रक्शन, ब्रहमपुरी-२	३७,११,४०६।८४
BRM/DPNCB/079/080/02	अधुरो स्वास्थ्य भवन निर्माण ब्रहमपुरी ६	युव ईन्फा सोलुशन प्रा.लि., ब्रहमपुरी-७	३७,३०,१६६।७५
BRM/DPNCB/079/080/03	डिप टुयुवेल जडान कार्य	श्री कृष्ण निर्माण सेवा, मलंगवा-६	३३,६८,१९६।४०

प्रमुख प्रशासकीय अधिकृत

चीनकी दाई शिइले इजिप्टको हुर्घाडामा भएको विश्व एक्वाटिक्स कलात्मक पौडी खेल्ने विश्व कप २०२३ मा महिला एकल निःशुल्कको फाइनलमा प्रतिस्पर्धा गर्दै। *तस्विर : सिन्ह्वा*

राजस्थानलाई ५९ रनमा अलआउट गरेको बेंग्लोर पाँचौं स्थानमा उक्लियो

एजेन्सी

नयाँदिल्ली । आइपिएल २०२३ अन्तर्गत रोयल च्यालेन्जर्स बेंग्लोरले राजस्थान रोयल्समाथि ११२ रनको जित हात पारेको छ।

आइतबार जयपुरमा भएको खेलमा जित हात पारेसँगै बेंग्लोर १२ खेलबाट १२ अंक जोड्दै पाँचौ स्थानमा उक्लियो। छैटौं स्थानको राजस्थानको १३ खेलबाट १२ अंक नै छ।

बेंग्लोरले दिएको १७२ रनको लक्ष्य पछ्याएको राजस्थान १०.३ ओभरमा ५९ रनमै अलआउट भयो।

राजस्थानका लागि शिमरन हेटमेयरले ३५ रन र जोए रुटले १० रन जोड्दा बाँकी ब्याटर दोहोरो अंकमा रन जोड्न नपाइ आउट भए। ओपनरद्वय यशस्वी जैसवाल र जोस बटलर शून्यमा आउट भएका थिए। बलिङमा बेंग्लोरका पर्नेलले ३ विकेट लिए भने माइकल ब्रासवेल र कर्ण शर्माले २-२ विकेट लिए। म्याक्सवेल र मोहमद सिराजले १-१ विकेट हात पारे।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बेंग्लोरले ५ विकेटको क्षतिमा १७१ रन जोड्यो। उसका लागि कप्तान फाप डु प्लेसिसले ५५ रन र म्याक्सवेलले ५४ रन जोडे। अनुज रावलले ११ बलमा नटआउट २९ रन जोडे।

बलिङमा राजस्थानका एडम जाम्पा र केएम आसिफले २-२ विकेट लिए।

सुमितको गोलमा मनाङले हार टार्‍यो, शीर्ष स्थानमा जावलाखेलको एक अंकको अग्रता

टुडे समाचारदाता

काठमाण्डु । सहिद स्मारक ए डिभिजन लिगमा मनाङ मर्स्याङ्दी क्लब र शीर्ष स्थानको जावलाखेल युथ क्लबले २-२ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्।

आइतबार च्यासल मैदानमा भएको खेलमा एनकोटो मोसाबीको गोलबाट जावलाखेलले ३३ मिनेटमा अग्रता लिएको थियो। ७५ मिनेटमा हिसुब थपलियाले जावलाखेलको अग्रता दोब्बर पारे।

तर अन्तिम दश मिनेटमा दुई गोल गर्दै मनाङले हार टार्न सफल भयो। मनाङका लागि ८० मिनेटमा भिषण गुरुङले पहिलो गोल गर्दा ९० मिनेटमा सुमित महर्जनले दोस्रो गोल गर्दै मनाङको हार टारे।

अंक तालिकाको शीर्ष स्थानमा रहेको जावलाखेलको १८ खेलबाट ३१ अंक भएको छ। मनाङ २२ अंक जोडेर सातौं स्थानमा छ।

यता एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको खेलमा न्युरोड टिम एनआरटी र फ्रेन्ड्स क्लबले २-२ गोलको बराबरी खेलेका छन्।

खेलको २८ मिनेटमा फरिकको गोलबाट फ्रेन्ड्सले अग्रता लियो। फ्रेन्ड्सका अमित तामाङले ५८ मिनेटमा आत्मघाती गोल गर्दा एनआरटीले बराबरी गर्न सफल भयो।

६६ मिनेटमा अमित तामाङको गोलबाट फ्रेन्ड्सले फेरि अग्रता लियो। तर खेल सकिन एक मिनेट बाँकी छदा एनआरटीका निकोलास सङले बराबरी गोल फर्काए।

अंक तालिकामा फ्रेन्ड्स २० अंकसहित रेलिगेशन जोन छाड्न सफल भयो। फ्रेन्ड्स एघारौं स्थानमा उक्लियो। एनआरटी भने २२ अंकसहित आठौं स्थानमा छ।

गाजामा पाँच दिनसम्म चलेको युद्ध रोक्ने सहमति

एएफपी

प्यालेस्टाइन । पाँच दिनसम्म चलेको युद्धपछि शनिबार गाजा पट्टी र आसपासका क्षेत्रमा युद्धविराम लागू भएको छ। युद्धका क्रममा कम्तीमा ३४ प्यालेस्टिनी र एक इजरायलीको मृत्यु भएको छ । इजिप्ट र प्यालेस्टाइनी स्रोतका अनुसार युद्धविराम स्थानीय समयअनुसार राति १० :०० बजे सुरु हुने तय भएको थियो।

तर समयसीमा सकिन अन्तिम ३० मिनेटमा गाजाबाट इजरायलतर्फ दर्जनौं रकेट प्रहार गरिएको एएफपीका संवाददाताले बताएका छन् । अधिकांश रकेटलाई इजरायली हवाई प्रतिरक्षा प्रणालीले रोकेको थियो।

युद्धविरामको घोषणापछि सयौं मानिसहरू गाजाका गल्लीहरूमा निस्कन थालेका छन् । उक्त गल्लीहरू धेरै दिनदेखि खाली देखिन्थे । इजरायली सेनाले स्थानीय समयअनुसार राति ११ बजेपछि गाजाबाट दुई वटा रकेट प्रहार गरिएको जनाएको छ ।

इजिप्टले इजरायल र प्यालेस्टाइनी लडाकू समूह इस्लामिक जिहाद दुवैबाट सम्झौता प्राप्त गरेको भन्दै युद्धविरामको पछिल्लो प्रस्तावमा मध्यस्थता गरेको थियो।

“इजरायलका राष्ट्रिय सुरक्षा सल्लाहकार साही हानेग्बीले इजिप्टका राष्ट्रपति अब्देल फतह अल-सिसीलाई धन्यवाद दिँदै युद्धविरामका लागि इजिप्टको सशक्त प्रयासप्रति इजरायलको तर्फबाट प्रशंसा व्यक्त गर्नुभएको छ,” इजरायली प्रधानमन्त्रीको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

इजिप्टको पहलप्रति इजरायलको प्रतिक्रियाको अर्थ ‘शान्त भएर जवाफ दिइनेछ, र यदि इजरायलमाथि आक्रमण वा धम्की दिइयो भने उसले आफ्नो रक्षाका लागि गर्नुपर्ने सबै कुरा जारी राख्नेछ,’ उहाँले भन्नुभयो ।

एक प्यालेस्टिनी स्रोतले इस्लामिक जिहादको सम्झौताको पुष्टि गरेको छ । इस्लामिक जिहादको राजनीतिक विभागका अधिकारी मोहम्मद अल-हिन्दीले एएफपीसँग भन्नुभयो, “हामी इजिप्टको प्रयासका लागि धन्यवाद दिन चाहन्छौं । गत मंगलबार देखि नै हिन्दी कायरोमा रहनुभएको छ ।

इरानको दक्षिणी ग्यास उद्योगमा मजदुरको हडतालको विरोधमा आठ जना पक्राउ

एएफपी

तेहरान । इरानको दक्षिणी भागमा रहेको एक प्रमुख ग्यास उत्पादनस्थलमा मजदुरको हडतालको ‘नेतृत्व’ गरेको आरोपमा इरानी अधिकारीहरूले आठ जनालाई पक्राउ गरेको स्थानीय सञ्चारमाध्यमले आइतबार जनाएका छन् ।

“साउथ पार्स परियोजनामा कामदारको हडतालका मुख्य आठ जना नेतालाई गुप्तचर निकायले पक्राउ गरेको छ,” स्थानीय उपप्रशासकलाई अकबर पौराटलाई उद्धृत गर्दै तस्निम समाचार एजेन्सीले जनाएको छ । इरानले कतारसँग साझेदारी गरेको विश्वको सबैभन्दा ठूलो ग्याँस भण्डार साउथ पार्स/नर्थ डोम मेगा फिल्डमा करिब ४० हजार जनाले रोजगारी पाएका छन् ।

“यस क्षेत्रमा सक्रिय आठ कम्पनी र सबकन्ट्र्याक्टरलाई हड्ताल गर्न उक्साएको आरोपमा कालोसूचीमा राखिएको छ,” पौराटले बताउनुभयो । मे महिनाको सुरुमा स्थानीय सञ्चारमाध्यमले सोही क्षेत्रमा हडतालको आह्वानलाई समर्थन गर्ने बाह्य ठेकेदारहरूलाई पक्राउ गरिएको समाचार प्रकाशित गरेका थिए ।

अधिकारीहरूले अप्रिलको अन्त्यमा उनीहरूले राम्रो ज्याला र काम गर्ने वातावरणको माग गर्दै हडताल घोषणा गरेका थिए । कम्पनीले हड्तालमा सहभागी चार हजार कामदारहरूलाई प्रतिस्थापन गर्न सुरु गरेका छन् ।

यद्यपि, श्रमिक समर्थक समाचार संस्था आईएलएनएले साउथ पार्सका स्ट्राइकरहरूले ‘आफ्नो युनियनको मागहरू जारी राखेको’ बताएको छ ।

उनीहरूको मुख्य मागहरूमा ‘ ज्यालामा ७९ प्रतिशत वृद्धि’ साथै भेदभावपूर्ण प्रथाहरूको अन्त्य र सङ्गठनको स्वतन्त्रताको लागि अनुमति दिनु समावेश थियो । सन् २०२२ मा, इरानले शिक्षक र बस ड्राइभरद्वारा कम तलब र जीवनयापनको उच्च लागतको विरोध गर्दै गरिएका हडतालको धेरै तरङ्गको अनुभव गरेको थियो ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले गत अप्रिलको अन्त्यमा भन्नुभएको थियो, “केही मजदुर आन्दोलनले देशलाई फाइदा पुर्‍याएको छ किनभने यसले राज्यलाई कामदारको माग बुझ्न मद्दत गरेको छ ।”

इरानको अर्थतन्त्र लामो समयदेखि पश्चिमी प्रतिबन्धको चपेटामा परेको छ, हालै उच्च मुद्रास्फीति र यसको राष्ट्रिय मुद्राको उच्च अवमूल्यनको चपेटामा परेको छ ।

इजरायली सेनाद्वारा गाजा क्षेत्रका हजारौं बासिन्दाको उद्धार

एएनआई

तेलअभिभ । स्ट्रिपमा तीन शीर्ष प्यालेस्टिनी इस्लामिक जिहाद आतङ्कवादीहरूको मङ्गलबारको लक्षित हत्यापछि गाजा नजिकै बसोबास गर्ने हजारौं इजरायलीहरूलाई स्तानानन्तरण गरिएको छ।

यसैबीच रक्षामन्त्री योभ ग्यालान्टले गाजामा आतङ्कवादी गुटहरूबाट जवाफी रकेट फायरको प्रत्याशामा “गस्ट अफ विन्ड“ नामले चिनिने उक्त कदम बारे चनाखो हुँदै सचेत र सुरक्षित हुने योजनालाई अनुमोदन गरेका छन् । त्यसैगरी गाजा-क्षेत्रका बासिन्दाहरू आफ्नै पहलमा अस्थायी रूपमा देशका अन्य भागहरूमा सरेका छन्।

सुरक्षित स्थानानन्तरण कार्यक्रम स्थानीय अधिकारीहरू द्वारा सञ्चालित छ र गाजा सीमा नजिकका इलाकाका प्रत्येक बासिन्दालाई गेस्टहाउसहरूमा राज्यको सहयोगमा व्यवस्थापन गरिदै गरेको रक्षा मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ ।

यसै बीच शिक्षा मन्त्रालयले बुधबार ४५ किलोमिटर भित्रका समुदायमा विद्यालय सञ्चालन नगर्ने घोषणा गरेको छ । सो निर्णयबाट करिब ३ लाख विद्यार्थीहरूलाई असर पर्ने छ । होम फ्रन्ट कमाण्डको निर्देशन अनुसार गाजा पट्टी नजिकका यी क्षेत्रहरूमा सार्वजनिक जमघटहराम कडाइ गरिएको छ । खुला क्षेत्रमा १० व्यक्ति र भवनमा १०० जनासम्म सीमित हुनुपर्ने प्रावधान जारी गरिएको छ ।

सार्वजनिक आश्रय स्थलहरीहरू तेल अवीवका साथै गिवाताइम, रमत गान र अन्य नगरपालिकाहरूमा खोलिएका छन् ।

चेल्सीको प्रशिक्षक बन्दै पोचेटिनो

एजेन्सी

काठमाण्डु । इंग्लिस क्लब चेल्सीले टोटेनहमका पूर्वप्रशिक्षक माउरिसियो पोचेटिनोलाई नयाँ प्रशिक्षक बनाउने भएको छ।

उनी आगामी सिजनदेखि क्लबमा आबद्ध हुनेछन् भने फ्रान्क लाम्पार्ड सिजनको अन्त्यसम्म अन्तरिम प्रशिक्षकको रूपमा रहनेछन्।

पोचेटिनोले स्पेनिस क्लब स्प्यान्योलमा सन् २००९ देखि प्रशिक्षण सुरु गरेका थिए भने उनी २०१३ मा साउथह्याम्टनको प्रशिक्षक नियुक्त भएका थिए।

त्यसपछि चर्चामा आएका उनी २०१४ मा टोटेनहमको प्रशिक्षक बने। पाँच वर्ष टोटेनहममा काम गरेका उनी २०२१ मा पिएसजीमा आबद्ध भएका थिए। तर एक वर्षमै उनी पिएसजीबाट अलग भए।

५१ वर्षीय अर्जेन्टिनी प्रशिक्षकले २०१४ देखि पाँच वर्षसम्म टोटेनहममा हुँदा क्लबलाई सन् २०१९ को च्याम्पियन्स लिगको फाइनलसम्म पुर्‍याएका थिए।

यस सिजनको सुरुमा थोमस टुचेल र ग्राहम पोटरलाई बर्खास्त गरेपछि पोचेटिनो पाँच वर्षमा चेल्सीको छैटौं स्थायी प्रशिक्षक हुनेछन्।

एफए कप र लिग कप दुवैको तेस्रो राउण्डमा म्यानचेस्टर सिटीसँग पराजित भएको चेल्सीले यो सिजन खराब प्रदर्शन गर्‍यो।

च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा रियल म्याड्रिडसँग हारेको चेल्सीको अर्को सिजन युरोपियन प्रतिस्पर्धामा छनोट हुने सम्भावना छैन।

हाल प्रिमियर लिगमा ११औं स्थानमा रहेको चेल्सीले पछिल्ला ११ मध्ये एक खेल मात्र जितेको छ, तीमध्ये आठ हारेको छ।

म्यान्मामा २६.४ केजी हेरोइन बरामद

सिन्ह्वा

याङ्गुन । म्यान्माको मण्डले क्षेत्रबाट २६.४ किलोग्राम हेरोइन बरामद गरिएको छ ।

अधिकारीहरूले देशको केन्द्रीय क्षेत्र मण्डलेमा २६.४ किलोग्राम हेरोइन बरामद गरेको लागुऔषध दुरुपयोग नियन्त्रण केन्द्रीय समितिले शुक्रबार उल्लेख गरेको गरेको छ। गोप्य सूचनाका आधारमा लागुऔषध विरुद्धको कारबाहीमा प्रहरीले मे ७ मा मण्डलेको बस स्टेशनमा एउटा गाडीबाट अर्को गाडीमा सारिएको बोराको खोजी गर्दा साबुन कन्टेनरमा रहेको २६.४ केजी हेरोइन बरामद गरेको हो ।

सो अबैध कारोबारमा संलग्न रहेको आशङ्कामा पाँच संदिग्ध व्यक्तिहरूलाई पक्राउ गरिएको छ । बरामद लागुऔषधको मूल्य लगभग ६६६० मिलियन क्याट (३१४,२८५ अमेरिकी डलर भन्दा बढी) रहेको बताइएको छ ।

संदिग्धहरूलाई लागुऔषध र साइकोट्रोपिक पदार्थ कानून अन्तर्गत मुद्दा चलाइएको र थप अनुसन्धान भइरहेको बताइएको छ ।

कराँची गोलीकाण्डमा दुई महिलासहित पाँच जनाको मृत्यु

एएनआई

कराँची । आइतबार कराँचीमा भएको छुट्टाछुट्टै गोलीकाण्डमा दुई महिलासहित पाँच जनाको मृत्यु भएको छ । पाकिस्तानमा आधारित एआरवाई न्युजले जनाएअनुसार मेमन गोठ, सुरजनी टाउन, डिफेन्स र म्युनिसिपल टाउनमा गोली हानाहान भएको थियो । गुलसन-ए-सुरजानीस्थित पेट्रोल पम्प नजिकै अज्ञात व्यक्तिले कारमा गोली चलाउँदा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा बाबर र नसिम रहेका छन् ।

यसबाहेक, मलिर साउदाबादमा आयोजित विवाह समारोहमा एक व्यक्तिको गोली हानी हत्या गरिएको थियो । हत्या गरिएका व्यक्ति मोहम्मद अर्सलान रहेको बताइएको छ ।

यसैबीच कराँचीमा दुर्घटनावश गोली लागेर एक महिलाको मृत्यु भएको छ । घटना डिफेन्स फेज ६ खयाबान-ए-हलालमा भएको उल्लेख गरिएको छ । गोली लागेकी महिला सफिया साफिया रहेको बुझिएको छ ।

बलदियाको गुलसन-ए-गाजी नजिकैको बिस्मिल्लाह चोकमा गोली लागेर अर्की एक महिलाको मृत्यु भएको छ । मृतक नोरिन रहेकी छिन् । प्रहरीले यी विभिन्न घटनामा अनुसन्धान थालेको छ ।

वैदेशिक रोजगारीमा छ महिना काम गरेर फर्किएका नेपालीले मात्र दुई वटा फोन ल्याउन पाउने

काठमाण्डु । वैदेशिक रोजगारीमा छ महिनासम्म काम गरेर फर्किएका नेपालीले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने भएका छन् ।

भन्सार विभागले आइतबार एक सूचना जारी गर्दै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको छ महिना पूरा भएकाले मात्रै दुई वटा मोबाइल फोन ल्याउन पाउने जनाएको हो । विभागका निर्देशक पुण्यविक्रम खड्काले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका नेपालीले एउटा चलाइरहेको र एउटा 'सिलप्याक' वा दुवै चलाइरहेको मोबाइल ल्याउन पाउने बताउनुभयो ।

उहाँका अनुसार अध्ययन तथा अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले भने एक थान मात्रै फोन ल्याउन पाउनेछन् । "श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई लगातार कम्तीमा छ महिनासम्म काम गरी फर्केका नेपाली नागरिकले महसुल सुविधामा ल्याउन पाउने थप एक थान मोबाइल फोनको भन्सार कार्यालयमा घोषणा गरी भन्सार प्रक्रिया पूरा गर्नुपर्छ", जारी सूचनामा भनिएको छ, "अन्य प्रयोजनका लागि विदेशीएका नेपालीले एक थान मोबाइल फोन सेटको घोषणा भने भन्सार कार्यालयमा गर्नुपर्दैन ।" यही वैशाख २६ गते बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको थियो ।

यात्रुहरूले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तुसम्बन्धी आदेश, २०७७ मा विदेशबाट फर्कने यात्रुले आफूले प्रयोग गरिरहेको मोबाइल फोन थान एक महसुल नतिरी ल्याउन पाउने व्यवस्था रहेको छ ।

सोही व्यवस्थाअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले जेठ १ गतेदेखि अवैध फोन नियन्त्रण गर्ने प्रणाली एमडीएमएस लागू गर्दैछ । उक्त फोन नेपाल दूरसञ्चार प्राधिकरणका प्रणालीमा व्यक्ति स्वयंले अनलाइन माध्यमबाट दर्ता गर्नुपर्ने भन्सार कार्यालयले जनाएको छ । दर्ताका लागि राहदानी वा नागरिकता र विदेश जाँदा र फर्किंदा देखिने राहादानीको पृष्ठ वा बोर्डिङ पास अपलोड गर्नुपर्नेछ हुन्छ ।

यसअघि गत पुस १५ गतेदेखि प्राधिकरणले अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गर्ने तयारी गरेको थियो । प्राधिकरणले उक्त सिष्टम लागू गर्ने तयारी गरेकामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा तत्कालका लागि उक्त काम रोकिएको थियो । रासस

जिल्ला प्रशासन कार्यालय सुनसरी परिसरमा फुलेको राजवृक्ष फूल । प्रकृतिको गहनाको रुपमा परिचित यो फूल प्रजाति लोपोन्मुख छ । पहेँलो रङको झुप्पामा फुल्ने राजवृक्षमा विभिन्न औषधीय गुण पाइन्छ ।
तस्बिर : रासस

सिएनएनको घुम्नैपर्ने विश्वका २३ पर्यटकीय स्थलको सूचीमा मुस्ताङ

टुडे समाचारदाता

काठमाण्डु । अन्तर्राष्ट्रिय सञ्चारमाध्यम सिएनएनले घुम्नैपर्ने २३ स्थानमा मुस्ताङलाई पनि समेटेको छ।

सिएनएनले शनिबार प्रकाशित गरेको सामग्रीमा भ्रमणमा निस्कन चाहनेले घुम्नैपर्ने सूचीमा नेपाललाई पनि समावेश गरेको हो।

कोभिड अघिको तुलनामा ८० प्रतिशत हाराहारीमा घुम्न निस्कनेहरूको संख्या विश्वव्यापी रूपमा बढिरहेको सिएनएनले बताएको छ।

मुस्ताङलाई चिनाउँदै सिएनएनले माउन्टेन ट्रेकिङको लागि प्रसिद्ध परौणिककालीन पदमार्ग समेत रहेको उललख गरेको छ।

साथै मुस्ताङमा छिट्टै 'सिन्तामणि' रिसोर्ट खुल्न लागेकाले पर्यटकको आगमनमा वृद्धि हुने अपेक्षा गरिएको छ। परम्परागत तिब्बतीयन घरको झल्को दिने यस रिसोर्टमा २९ वटा स्वीट रूम रहेको छ। यसले ग्रामीण पर्यटकीय स्थलमा समेत आरामदायी बस्न चाहनेलाई सहयोग पुग्ने उल्लेख गरेको छ। सिएनएनले मुस्ताङ पुग्ने पर्यटकलाई मानव निर्मित गुफाको भ्रमण नछुट्याउन समेत सुझाव दिएको छ। दुई हजार वर्षअघिका बुद्धिष्ठ पेन्टिङ र मूर्तिकलाको पनि यस गुफामा अवलोकन गर्न सकिनेछ। सिएनएनकाअनुसार मुस्ताङ उपत्यका पुग्नु साहसिक यात्रा हुनेछ। यो क्षेत्र भ्रमणका क्रममा पर्यटकहरूले पुरातात्विक बस्ती र बुद्धिष्ठ गुम्बाहरू अवलोकन गर्न पाउनेछन्।



काठमाडौंदेखि पोखरासम्म २५ मिनेट उडान र पोखरादेखि जोमसोमसम्मको २० मिनेट उडान गरेर त्यहाँ पुग्न सकिन्छ। त्यस्तै काठमाडौंदेखि सडकमार्ग हुँदै १२ घण्टामा पुग्न सकिने सिएनएनले जानकारी दिएको छ।

सिएनएनले छानेका अन्य २२ पर्यटकीय स्थलमा पोल्याण्ड, लिभर पुल इंल्याण्ड, पश्चिमी अष्ट्रेलिया, चाल्सटोर्न दक्षिण क्यारोलिया, भिल्नियस लिथुआनिया, फिजी, मानौस ब्राजिल, थेसालोनिकी ग्रीस रहेका छन्।

त्यस्तै, रूवाण्डा, गोटेनबर्ग स्वीडेन, रस अल खैमाह संयुक्त अरब इमिरेट्स, लाओस, स्वीट्जरल्याण्ड, मिनियापोलिस मिनेसोटा, बोगोटा कोलम्बिया, तान्जानिया, कायरो इजिप्ट, नावसिमा जापान, बेलिज, ओसाका मेक्सिको, ओटावा क्यानडा र युगान्डा परेका छन्।

आजदेखि एमडिएमएस फेरि लागू हुने, अब नयाँ मोबाइल दर्ता अनिवार्य

टुडे समाचारदाता

काठमाण्डु । आगामी जेठ १ गतेदेखि मोबाइल डिभाइस म्यानेजमेण्ट सिस्टम (एमडिएमएस) फेरि कार्यान्वयन हुने जानकारी नेपाल दूरसञ्चार प्राधिकरणले एक सूचना प्रकाशित गरी जनाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले सूचना जारी गरी नेपाल सरकार अर्थ मन्त्रालय भन्सार विभागको वैशाख २९ गतेको प्रकाशित सूचना 'यात्रुले आफ्नो साथमा महशुल सुविधामा ल्याउन पाउने मोबाइल फोन सम्बन्धी' अनुसार नेपालमा प्रयोग हुने मोबाइल सेटलाई अनिवार्य दर्ता गरी व्यवस्थित गर्न जेठ १ गते (सोमबार)बाट एमडिएमएस प्रणाली लागू गरिने जानकारी गराएको हो।

अब विदेशबाट आउँदा एक यात्रीले २ ओटा सम्म मोबाइल ल्याउन पाइने व्यवस्था गरेको छ। एमडिएमएस प्रणाली अनधिकृत रूपमा मोबाइल फोनहरू नेपालमा प्रवेशमा नियन्त्रण गर्ने उच्च प्रविधि हो।

नेपाल दूरसञ्चार प्राधिकरणले नेपाल सरकारको 'निजी प्रयोगका मालवस्तु सम्बन्धी आदेश २०७७' बमोजिम व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेट सम्बन्धित व्यक्ति स्वयंमले एमडिएमएसमा दर्ता गर्न सक्ने जानकारी दिएको छ।

साथै व्यक्तिगत प्रायोजनका लागि विदेशबाट ल्याई भन्सार कार्यालयमा जाँच पास भएका मोबाइल सेटहरू एमडिएमएस प्रणालीमा स्वतः दर्ता हुने व्यवस्था गरिएको छ। खरिद गरिएको नयाँ मोबाइल फोन दर्ता भए नभएको यकिन गर्न प्रणालीमा हेर्न सक्नेछन्।

निजी प्रायोजनको लागि ल्याइएको मोबाईल फोनहरू व्यक्ति स्वयंमले राहदानी वा नागरिकता र आगमन/वर्हिगमन छाप देखिने राहदानीको पृष्ठ वा बोडिङ पास कागजातहरू एमडिएमएस प्रणालीमा प्रविष्ट गरी दर्ता गर्ने व्यवस्था गरिएको छ।

एमडिएमएस प्रणाली अनधिकृत ढंगबाट हुने मोबाइल बिक्री वितरण रोक्न र राजस्व दायरामा ल्याउन अघि सारिएको परियोजना हो।

सरकारले विदेशी मुद्रा सञ्चितिमा कमी नहोस् भन्ने उद्देश्य राखेर मोबाइल आयतमा प्रतिबन्ध लगाउन खोजे पनि गैरकानुनी मार्गबाट भन्सार छलीका फोनहरू लाखौंको संख्यामा भित्रिदा रेमिटेन्समार्फत स्वदेश भित्रिने डलरमा समेत नकारात्मक असर पुग्छ।

यसका साथै, सरकारले अर्बौं राजस्वसमेत गुमाउनु परेको र गैरकानुनी रूपमा भित्रिने फोनहरूमध्ये चोरीका, रिफर्बिस फोनहरू समेत आउने हुँदा एकातिर आम उपभोक्ताहरू ठगीमा पर्ने र अर्कातिर राजस्व घट्ने तथा मोबाइल व्यवसायीको व्यापारमा व्यापक गिरावट रोक्न एमडिएमएस कार्यान्वयन गर्न लागिएको हो।

जजिराले किन रोक्यो भैरहवा-कुवेत उडान?

टुडे समाचारदाता

काठमाण्डु । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा झन्डै एक महिनादेखि जजिरा एयरवेजले उडान बन्द गरेको छ। जजिराले वैशाख ७ गते (अप्रिल २०)देखि भैरहवा-कुवेत उडान बन्द गरेको विमानस्थल कार्यालयले बताएको छ।

पछिल्लो समय जजिराले कुवेत-भैरहवा सातामा तीन उडान गर्दै आइरहेको थियो। तर उडान अवतरणमा समय तालिका नमिलेपछि स्थगन गरेको एयरलाइन्सले बताएको छ।

एयरलाइन्सका जिएसए सोसाइटी इन्टरनेशनल ट्राभलका अध्यक्ष रवि चन्द्र सिंहकाअनुसार समयमै ट्रान्जिट गराउनका लागि एयरलाइन्सले उडान तालिका परिवर्तन गर्दैछ।

'एयरलाइन्समा साउदी, कतार, युएइलगायत मुलुक पुग्ने यात्रुहरू बढी हुन्छन्। कुबेत पुगेपछि तीनवटै फ्लाइटमा पठाउनुपर्ने हुन्छ,' उनले भने, 'त्यसकारण रिसेड्युल तयार नहुन्जेलसम्म उडान स्थगित गरिएको हो।'

यसअघि जजिराले मंगलबार, बिहीबार र शुक्रबार बिहान ७:१५ बजे विमानस्थलमा ल्यान्ड हुने र ८:०५ मा कुवेतका लागि उड्ने गरिरहेको थियो।

तर यात्रु सुविधाका लागि भन्दै जजिराले नागरिक उड्डयन प्राधिकरणसँग समय तालिका परिवर्तन गरेर उडान गर्न अनुमति मागेको थियो।

प्राधिकरणकाअनुसार जजिराले रातिको साढे १ बजे विमानस्थलमा ल्यान्ड र साढे २ मा कुवेतका लागि उड्ने तालिका मागेको हो। तर रातिको समय उपकरण र कर्मचारी थप चलाउनुपर्ने भएकाले तत्काल सम्भव नरहेको प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए।

हाल विमानस्थलमा दिउँसो आन्तरिक उडान हुन्छ। रात्रीकालीन उडानका लागि भने मासिक ४० लाखभन्दा बढी खर्च हुने देखिएको उनी बताउँछन्।

'दिउँसो आन्तरिकतर्फ उडान हुने हुँदा उपकरणहरू बन्द गर्न परेन। राति एउटा फ्लाइटका लागि ओभर टाइममा उपकरणहरू थप रन गर्दा खर्च धेरै निस्कन्छ' उनले भने, 'त्यसकारण समर सेड्युल भइसकेपछि उडान तालिकामा फेरबदल गर्नेबारे कुराकानी भएको थियो।'

अब उडान फेरि कहिलेबाट सुरू हुन्छ भन्नेबारे अन्योल देखिएको छ। एयरवेजले भने यसअघि अप्रिलको २० बाट मे ७ सम्मका लागि उडान बन्द गर्ने र मे ८ बाट फेरि उडान गर्ने सूचना प्राधिकरणलाई दिएको थियो। तर, उडान भने हुन सकेको छैन।

यसअघि पनि जजिराको उडान नियमित भने हुन सकेको थिएन। कहिले मौसमका कारण त कहिले एयरवेजकै कर्मसियल कारण पटकपटक उडान रोकिँदै फेरि सञ्चालन हुँदै आइरहेको थियो।

पछिल्लो पटक मौसमका कारण झन्डै दुई महिना रोकिएको उडान गत फागुन २५ गतेबाट फेरि सुरू भएको थियो। जजिराले कुवेतबाट उक्त विमानस्थलबाट उडान सुरू गरेको आगामी मंगलबार एक वर्ष पुग्दैछ। २०७९ साल जेठ २ गतेबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरू गरेको थियो। व्यावसायिक उडान गरिरहेको जजिराले विमानस्थल सेवा शुल्कमा पनि पाएको थियो।

जजिराले एक वर्षसम्मका लागि विमानस्थलमा लाग्ने अवतरण, पार्किङ, सञ्चार तथा उड्डयन सहायता सेवा र सुरक्षा जाँचमा शुल्क छुट पायो।

जेठ १५ बाट नेपाल एयरलाइन्स भैरहवा जाने तयारीमा

नेपाल एयरलाइन्स आगामी जेठ १५ (मे २९)बाट गौतमबुद्ध विमानस्थलमा जाने तयारी गरिरहेको छ। लामो समयदेखि गृहकार्य गरिरहेको निगमले अब भने भैरहवालाई दिल्ली र मलेसियासँग जोड्ने भएको छ।

निगमले दिल्ली र मलेसिया सातामा एकरएक उडान गर्ने बताएको छ। यसका लागि सम्बन्धित मुलुकहरूसँग अनुमति प्रक्रियामा रहेको निगमका प्रवक्ता रमेश पौडेलले बताए। 'भैरहवलाई अन्तर्राष्ट्रिय उडानमा जोड्न निगम पर्खाइमा छ', उनले भने, 'अनुमति पाउना साथ टिकट बिक्री खुला गर्नेछ।'

दोहोरो अङ्कले घट्यो नेप्से

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव ९६ अङ्कले ओरालो लागेर एक हजार आठ सय २१ दशमलव ६४ मा सीमित भएको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ५२ अङ्कले ओरालो लागेर तीन सय ४९ दशमलब ५८ मा सीमित भएको छ । कारोबार भएका कूल १३ वटै उपसमूहमध्ये एक उपसमूहको शेयर मूल्यमा सामान्य वृद्धि भएको छ, भने १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कूल २७ लाख ८८ हजार आठ सय १५ कित्ता शेयर रु ९० करोड पाँच लाख ६३ हजार आठ सय ५६ मा कारोबार भयो ।

कारोबारका आधारमा नागरिक लगानी कोष शीर्ष स्थानमा छ। सो कम्पनीको रु पाँच करोड ३५ लाख ७५ हजार सात सय ८१ बराबरको कारोबार भयो । हिमालयन डिस्टिलरी रु चार करोड ५९ लाख ६९ हजार एक सय ८९, एनआइसी एशिया बैंक रु चार करोड ५७ लाख ५४ हजार सात सय चार, शिवम् सिमेन्ट रु तीन करोड ६० लाख ७१ हजार पाँच सय ९० र नबिल बैंक रु तीन करोड सात लाख ९० हजार आठ सय एक बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार ओरालो लागेको बजारमा आत्मनिर्भर लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । नागरिक लगानी कोष तीन दशमलव ९३, मिथिला लघुवित्त तीन दशमलब ८६, बाराही हाइड्रोपावर तीन दशमलब ७८ र स्वाभिमान लघुवित्तको शेयर मूल्य तीन दशमलब शून्य पाँच प्रतिशतले बढेको छ।

यस्तै, राष्ट्र उत्थान लघुवित्त छ दशमलव ३७, दोर्दीखोला जलविद्युत् पाँच दशमलव ९२, हिमालयन ऊर्जा विकास कम्पनी पाँच दशमलब ७०, श्वेतगङ्गा हाइड्रोपावर पाँच दशमलब २३ र कृषि विकास बैंकको शेयर मूल्य पाँच दशमलव शून्य दुई प्रतिशतले घटेको छ। रासस

Mukhiyapatti Musharniya Rural Municipality
Office of the Rural Municipal Executive
Tulsiyahijabdi, Dhanusha
Madhesh Province, Nepal

Invitation For Electronic Bid

First Date of Publication: 2080/02/01

1. Mukhiyapatti Musharniya Rural Municipality, Office of the Rural Municipal Executive, TulsiyaJabdi, Dhanusha invites Bid from the eligible and qualified registered bidders for the following works under National Competitive Bidding (NCB), Name and Contract identification number are mentioned below through the details are in the bidding document.

S. N.	Contract Identification no.	Description of work	Estimated Amount Without VAT	Bid document fee NRs.	Bank Details	Bid Submission Deadline	Bid Opening Date	Bid Bond		
								Amount	Validity Period	Bank Details
1.	MMRM-2-079-080	Installation of Street Light	5148077.00	3000.00	Prabhu Bank, Branch Office Mukhiyapatti, A/C Number 1480134531700143	2080-02-31 (12:00 Noon)	2080-02-31 (14:00 Hours)	155000	90 days from the last date of bid submission	Prabhu Bank, Branch Office Mukhiyapatti, A/C Number 1480134531700073

2. For further information please refer to PPMO's website htp//bolpatra.gov.np/egp. Any Amendment in notice or bid document will be posted in notice of this office or PPMO's website.

Chief Administrative Officer

मन्त्रीहरुको जिम्मेवारी नतोकिदा बजेट तयारी प्रभावित

बाला खुद्दार

जनकपुरधाम । असार १मा प्रदेश सरकारलाई बजेट ल्याउनुपर्ने संवैधानिक वाध्यता रहेको छ । तर प्रदेश सरकारले दोस्रो पटक चैत ९गते गरेको मन्त्रालयहरुको नाम हेरफेर र कार्यविभाजनअनुसार मन्त्रीहरुको जिम्मेवारी नतोक्नुले प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट तयारी कार्य प्रभावित भएको छ ।

मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदसहित ११ वटा मन्त्रालय रहेको छ । नेकपा एमालेले सरकार छोडेदेखि अहिले मुख्यमन्त्री सरोज कुमार यादवले भौतिक पूर्वाधार, गृह तथा संचार मन्त्रालय, महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय र कानुन तथा प्रदेश मामिला मन्त्रालय आफूसँग राखेका छन् ।

सम्बन्धित मन्त्रालयका मन्त्री नहुँदा बजेटको तयारी गर्न पनि कर्मचारीहरुलाई समस्या हुने गरेको छ । त्यसै गरी, प्रदेशको मन्त्रिपरिषदको चैत ९ गतेको निर्णयले मन्त्रालयहरुको नाम समेत हेरफेर गरिएको छ । मन्त्रालयहरुको नाम हेरफेर गरे पनि सो अनुसार मन्त्रीहरुको जिम्मेवारी तोकिएको छैन । चैत ९को निर्णयले विभिन्न ७ वटा मन्त्रालयको नाम र कार्यविभाजन परिवर्तन गरिएको छ । तर सो अनुसारको मन्त्रालयहरु अझै अस्तित्वमा आउन सकेको छैन । अहिले सामाजिक विकास मन्त्रालयलाई दुई भागमा टुक्राएर शिक्षा तथा समाज कल्याण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बनाइएको छ। तर यी मन्त्रालयको जिम्मेवारी अहिले सम्म कुनै मन्त्रीलाई तोकिएको छैन ।

त्यसै गरी श्रम तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, उर्जा तथा सिंचाई तथा खानेपानी मन्त्रालय, गृह संचार तथा कानुन मन्त्रालयको छुट्टै नामकरण गरिएको छ । तर मन्त्रालयहरुको मन्त्रीको जिम्मेवारी अझै तोकिएको छैन । मन्त्रालयहरुको मन्त्री र सचिवको जिम्मेवारी नतोकिदा अर्थ मन्त्रालयले अझै पनि यी मन्त्रालयहरुलाई बजेटको सिलिङ्ग पठाउन सकेको छैन ।

अर्थ मन्त्रालयका एक कर्मचारीले भने,' मन्त्रालयको नाम हेरफेर गरिएको छ, तर त्यस अनुसारको मन्त्रालयको नाम फेरिएको छैन भने मन्त्री र सचिवकै जिम्मेवारी पनि तोकिएको छैन । यस्तो अवस्थामा हामी तयार गरेका बजेटको सिलिङ्ग कुन मन्त्रालयमा पठाउने ? भनेर अन्योलता छ, त्यसैले अहिले सम्म ती मन्त्रालयहरुमा बजेटको सिलिङ्ग पठाउन सकिएको छैन ।'

मुख्यमन्त्री सरोज कुमार यादवले काँग्रेससहितका दललाई सरकारमा सामेल गराउन निरन्तर छलफलमा गरिरहेका छन् । तर काँग्रेस र लोसपाले मुख्यमन्त्रीको दाबी गरेपछि सरकार विस्तार हुन सकिरहेको छैन। बाराको उपचुनाव ताका जसपाले सरकारको नेतृत्व आफूहरुलाई दिने भनेर काँग्रेसले मौखिक सहमति गरेको दाबी गरेको छ । तर जसपाले त्यसताका त्यस्तो कुनै सहमति नभएको बताउँदै आएको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवले भने,' सत्ता गठबन्धन दल बीच सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ । तर पहिलो नेतृत्व जसपाले काँग्रेस वा अन्य पार्टीलाई दिँदैन, पहिलो खेप जसपाले नै सरकारको नेतृत्व गर्छ ।'

लोसपाले पनि राष्ट्रपति, उपराष्ट्रपति चुनावदेखि बाराको उपचुनाव सम्म आफूहरु सत्ता गठबन्धनलाई सहयोग गरेको र त्यसहिसाबले सरकारको नेतृत्वको आफूहरु पाउनु पर्ने दाबी गर्दै आएको छ । महन्थ ठाकुरले अब मधेश प्रदेश सरकारको नेतृत्व लोसपाले पाउनुपर्ने बताउँदै आएका छन् ।

प्रदेशका भौतिक पूर्वाधार मन्त्रालयका सचिव कृष्ण कुमार मिश्रले मन्त्री नहुँदा योजना तथा कार्यक्रम छनोट गर्न समस्या हुने गरेको बताए । मन्त्री छैनन्, आगामी वर्षका लागि कस्ता कास्ता कार्यक्रम राख्ने ?, कुन योजना राख्ने ? लगायतका विषय छनोट गर्न समस्या भइरहेको सचिव मिश्रले बताए ।

> **लोसपाले पनि राष्ट्रपति, उपराष्ट्रपति चुनावदेखि बाराको उपचुनाव सम्म आफूहरु सत्ता गठबन्धनलाई सहयोग गरेको र त्यसहिसाबले सरकारको नेतृत्वको आफूहरु पाउनु पर्ने दाबी गर्दै आएको छ । महन्थ ठाकुरले अब मधेश प्रदेश सरकारको नेतृत्व लोसपाले पाउनुपर्ने बताउँदै आएका छन् ।**

गरिबी र बेरोजगारी अन्त्य गर्न मधेशमा कृषि क्रान्ति आवश्यक:उपेन्द्र यादव

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित मधेश कृषि विश्वविद्यालयमा आइतबार कृषि स्नातक कक्षाको शुभारम्भ गरिएकोछ ।

कृषि स्नातक कक्षा शुभारम्भ समारोह
शैक्षिक सत्र २०७९/०८०

मधेश कृषि विश्वविद्यालयद्वारा आयोजित समारोहबीच जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव तथा मधेश प्रदेशका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महेश प्रसाद यादवले संयुक्त रुपमा कृषि स्नातक कक्षाको शुभारम्भ गरेका छन् ।

कार्यक्रममा जसपा अध्यक्ष यादवले कृषि प्रधान देशमा दक्ष जनशक्ति उत्पादन गर्न यस विश्वविद्यालयले ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

उनले कृषिमा क्रान्ति भए मात्र देशमा व्याप्त गरिबी र बेरोजगारी समस्याको अन्त्य हुने बताए । 'विश्वका विभिन्न मुलुकहरु कृषिकै कारण समृद्ध भएको छ तर नेपाल जस्तो कृषि प्रधान देशले उर्वरभूमि हुँदा पनि प्रगति गर्न सकेन' उनले भने, 'नेपालमा वर्षेनि चार खर्बको खाद्यान्न लगायतका सामग्रीहरु आयात हुँदै आएको छ, यो अन्यन्तै दुखद् हो ।'परम्परागत खेतीले जीवन निर्वाह भए पनि प्रगति गर्न नसकिने दाबी गर्दै उनले कृषिमा आधुनिकीकरण आवश्यक रहेकोले कृषि र शिक्षालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

'किसानलाई प्रविधिसँग जोडेर कृषि क्षेत्रलाई प्रविधिमैत्री बनाइ उत्पादन एवम् रोजगारमूलक बनाउनुपर्छ' उनले भने, 'कृषि क्षेत्रलाई विज्ञान-प्रविधिसँग जोडेसँगै नेपाल उत्कृष्ट मुलुक बन्ने कुरा निश्चित छ ।'जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष समेत रहेका यादवले शिक्षाको स्तर खस्किँदै गएको प्रति चिन्ता व्यक्त गर्दै गुणस्तरीय शिक्षामा जोड दिए ।

मधेश प्रदेशमा कृषि विश्वविद्यालय स्थापना भइ कक्षा समेत सञ्चालन हुन लागेकोमा खुशी व्यक्त गर्दै उनले भने, 'अब कृषि सम्बन्धी अध्ययन अनुसन्धानका साथै दक्ष जनशक्ति उत्पादनमा योगदान हुनेमा आशावादी छु ।'मधेश कृषि विश्वविद्यालय राजविराजमा स्थापना हुँदा केही व्यक्तिहरुले बोर्ड मात्रै झुण्ड्याएको भन्दै कक्षा पनि सञ्चालन हुन्छ र भनी मजाक समेत उडाए' उनले थपे, 'आज कृषि विश्वविद्यालयले बीएसी एजीको पठनपाठन सञ्चालन गर्दैछ, यो नै मजाक उडाउनेहरुका लागि जवाफ हो ।'मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सरकारले आवश्यकता र औचित्यको आधारमा कृषि, सिंचाई, शिक्षा लगायतका छुट्टै मन्त्रालयहरु विस्तार गरी अगाडि बढेको बताए । 'विषयगत मन्त्रालय भएपछि सम्बन्धित विषयमा काम गर्न सहज हुनेछ' उनले भने, 'प्रदेश सरकारले कृषि र शिक्षालाई प्राथमिकतामा राखी काम अगाडि बढाएको छ, उत्पादन एवम् रोजगारमूलक क्षेत्रहरुमा मधेश प्रदेश सरकारले बजेट विनियोजन गर्न लागेको छ ।'आफूहरु नीति तथा कार्यक्रम र बजेट विनियोजनमा केन्द्रित रहेको चर्चा गर्दै निर्वाचनहरुका कारण लागेको आचारसंहिताले गर्दा अपेक्षाकृत काम अगाडि बढाउन नसकिए पनि नयाँ आर्थिक वर्ष साउनको दोस्रो सातादेखि नै मधेश प्रदेश सरकारले कामहरु अगाडि बढाउने प्रतिवद्धता व्यक्त गरे । 'अब असारे बजेट खर्च गर्ने परम्पराको हामी अन्त्य गर्नेछौं, यो मधेशी जनताको सरकारको हो, म हुन्जेलसम्म भ्रष्टाचार हुन दिन्न' उनले प्रष्ट गरे ।

शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेशकुमार यादवले मधेशको साक्षरता प्रतिशत अन्यन्तै न्यून रहेकोले आफू जिम्मेवारी सम्हालेकै दिन मधेशलाई पूर्ण साक्षर प्रदेश बनाउने निर्णय गरेको बताए । 'कुनै बेला बौद्धिकताको परिचय दिने मधेश प्रदेशका जिल्लाहरुको साक्षरताको अवस्था यतिबेला कहालीलाग्दो छ' उनले भने, 'मधेश प्रदेशलाई पूर्ण साक्षर बनाउन हामी प्रतिवद्ध छौं ।'

सामूदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अत्यन्तै कमजोर रहेको बताउँदै मन्त्री यादवले शैक्षिक गुणस्तर सुधारका लागि विशेष कार्यक्रम ल्याउन लागेको जानकारी गराए । विश्वविद्यालयका उपकुलपति डा.वैद्यनाथ महतोको अध्यक्षतामा आयोजित कार्यक्रममा रजिष्टार डा. भगवान ठाकुरले कृषिको आधुनिकीकरण र रुपान्तरण गरी जनताको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउन उच्च शैक्षिक र दक्ष जनशक्ति उत्पादनमा विश्वविद्यालय प्रतिवद्ध रहेको जानकारी दिए । उनकाअनुसार विश्वविद्यालयमा हाल कृषि स्नातक कक्षा शुभारम्भ भए पनि पीएचडीसम्मको अध्ययन अध्यापनका साथै कृषिमा अनुसन्धानहरु हुनेछन् । हाल बीएसी एजी अध्ययनका लागि ५० जना विद्यार्थीले भर्ना लिएका छन् ।

शैक्षिक सत्र २०७९/८० का लागि शुरु भएको उक्त कक्षाले सप्तरीका मात्र नभइ मधेश प्रदेशका ८ वटै तथा छिमेकी प्रदेशका पनि सयौं विद्यार्थीहरु लाभान्वित हुने विश्वास गरिएको छ ।

न्यायाधीश विरुद्ध प्रदर्शन

राकेश यादव

गौर । रौतहट जिल्ला अदालतका न्यायाधीशले दोषीलाई रिहा गरेको भन्दै पीडित परिवारले आइतबार जिल्ला अदालत गौरको मुख्यद्वार अगाडि विरोध प्रदर्शन गरेको छ ।

बिरोध जुलुस
२०८०।०१।३१ गते
पिडित परिवार

गोली प्रहार गरी हत्या गरिएका रौतहट जिल्लाको गढ़िमाई नगरपालिका-८का राजकुमार यादवको परिवारजन तथा समर्थकहरूले जिल्ला न्यायाधीश गेहेन्द्र राज पन्तको विरुद्धमा चर्को नाराबाजी गर्दै प्रदर्शन गरेको छ ।

सडक निकासको बिषयमा २०८० बैशाख २ गतेका दिन विवाद हुँदा स्थानीय श्याम किशोर यादव, राम बहादुर यादव,राम एकवाल यादव,राम सेवक राय यादव, दिनेश यादव, राम ईश्वर यादव, राजेश्वर राय यादव समेतले घरबाट बन्दुक ल्याएर प्रहार गर्दा राज कुमार यादवको मृत्यु भएको थियो भने गोली लागेर निरन्जन यादव, बालाधर यादव, राम प्रताप यादव र कपिल देव यादव घाइते भएका थिए ।

घटना भएकै दिन पक्राउ परेका श्याम यादव, राम बहादुर, राम एकवाल, राम सेवक र दिनेश यादवसहित छ जनालाई प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरी अनुसन्धानको कार्य सकिएपछि थुनछेक प्रयोजनको लागि जिल्ला सरकारी वकिल कार्यालयले पेश गरेको अभियोग सहितको मुद्दामा बहस सकिएपछि अदालतले ३ जना राम एकवाल यादव, राम सेवक यादव र दिनेश यादवलाई धरौटीमा राखेर रिहा गरेको प्रति आक्रोशित भएर पीडितले आर्थिक प्रलोभनमा न्यायपालिकाले यस्तो गरेको आरोप समेत लगाउँदै विरोध प्रदर्शन गरेको छ ।

अदालतले श्याम किशोर यादव, राम बहादुर यादवलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्नको लागि कारागार चलान गरेको छ । राजनीतिक रुपमा मुद्दा कमजोर बनाई दोषीलाई उन्मुक्ति दिलाउन चलखेल गरेको मृतकका पत्नी अन्जु देवीको आरोप छ । उनले दोषी सबै जनालाई कारागार चलान गर्नु पर्ने, फरार रहेका अभियुक्त राम ईश्वर यादव र राजेश्वर यादवलाई पक्राउ गर्नु पर्ने माग समेत गरे ।

न्यायपालिकाले निष्पक्ष रुपमा न्याय दिन नसके आम जनताको न्यायपालिका प्रतिको विश्वास घट्दै जाने उनको भनाइ छ । अदालतबाट धरौटीमा रिहा भएका आरोपितले गाउँमा खुल्ला रुपमा धम्की दिने गरेकोले परिवार तथा मुद्दाका सरकारी साक्षीलाई सुरक्षा चुनौती बढेको बताइएको छ ।

अन्यायको विरुद्ध न्यायको लागि न्यायपालिका आउँदा न्याय पालिकाले पनि निष्पक्ष रुपमा न्याय दिन नसक्दा कुन ठाउँमा न्याय खोज्न जाने भनी कमजोर व्यक्तिलाई चिन्ताको बिषय भएको पीडित राम नारायण राय यादवले बताए ।

पेस्तोलसहित एक पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरी जिल्लाबाट प्रहरीले पेस्तोलसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। आइतबार एकडारा गाउँपालिका-४ हल्खोरी बजारबाट भारतको सीतामढी जिल्लाको बाजपट्टी- ६ का २६ वर्षीय पप्पु यादवलाई प्रहरीले पेस्तोलसहित पक्राउ गरेको छ ।

भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा उनीमाथि शंका लागेर प्रहरीले चेकजाँच गरेको थियो । चेकजाँच गर्दा उनको साथबाट होममेड इण्डियन पेस्तोल एक थान, त्यसमा लाग्ने म्यागजिन एक थान र पाँच राउण्ड गोली बरामद भएको महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरिले जानकारी दिए ।

उनकाअनुसार पक्राउ परेका यादव अहिले महोत्तरी प्रहरीको हिरासतमा छ। उनीमाथि थप अनुसन्धान भइरहेको जनाइएकोछ । पछिल्लो समय भारतबाट हतियार ल्याइ नेपालमा कारोबार गर्ने संख्यामा वृद्धि भएर गएको छ ।

"We are proud Motherteresians"
MOTHER TERESA
PUBLIC SCHOOL (P) LTD.
ADMISSION OPEN
FOR PG TO GRADE SEVEN
OUR FACILITIES
- WELL EQUIPPED COMPUTER LAB
- CCTV EQUIPPED
- CO-CURRIICULAR ACTIVITIES
- WELL QUALIFIED & EXPERIENCED TEACHING FACULTY
- INSTALLING LIFE SKILLS
- TRANSPORT FACILITY
- VARIOUS INDOOR GAMES
- PG/NURSERY AC CLASSROOMS
- LOVING & CARING ATMOSPHERE
- PURE MINERAL DRINKING WATER
KISHORI NAGAR, JANAKPURDHAM
☎041-590761, Mob.-9801663854
E-mail :- mtpsschool1@gmail.com

दुई विद्यालय अवैध

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले शुरु गरेको संस्थागतविद्यालयहरुकोअनुगमनका क्रममा आइतबार दुई वटा विद्यालय मापदण्ड विपरीत संचालन भएको पाइएको छ ।

LINCOLN CITY SCHOOL
Janakpurdham-07, Zeromile (Parikrama Road)
लिङ्कन सिटी स्कुल

जनकपुरधामउपमहानगरपालिका-१ अर्पण पब्लिक स्कुलको नामबाट अनुमति लिइ वडा नम्बर ७ मा अर्कै नामले संचालनमा रहेको पाइएको छ । कक्षा १ देखि ४ सम्म अर्पण नामबाट अनुमति लिइ लिङकन सिटी स्कुलको नामले कक्षा आठ सम्म सञ्चालन हुँदै आएको अनुगमन समितिले जनाएको छ ।

यस विद्यालयलाई शिक्षा ऐन २०२८ , नियमावली २०५९ तथा नगर शिक्षा ऐन बमोजिम सो नाउँबाट संचालन नगर्न निर्देशन दिएको नगर उपप्रमुख किशोरी साहले जानकारी दिए । उनकाअनुसार जनकपुरधाम-८ मा संचालित ग्रीन उड पब्लिक स्कुलको नाममा अनुमति प्रदान नभएको र कक्षा एक देखि ८ सम्म संचालनमा रहेको पाइएको छ । सो नामको विद्यालय दर्तामै नरहेको पाइएको छ । यस विद्यालयलाई तत्काल बन्द गर्न निर्देशन दिइएको जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा शाखा प्रमुख अञ्जु पाण्डेले जानकारी दिइन् ।

यसअघि अनुगमनबाटै आधा दर्जन विद्यालय बिना दर्ता तथा अनुमति पाएका भन्दा बढी कक्षा सम्म संचालनमा रहेको पाइएकाले तत्काल बन्द गर्न निर्देशन दिइए पनि केही विद्यालय संचालनमा रहेको छ । उपप्रमुख किशोरी साहको अगुवाईमा भएको सो अनुगमनमा नगर शिक्षा समितिका सदस्यद्वय रवीन्द्र कुमार चौधरी, राजेन्द्र पंजियार संस्थापक विद्यालय संरक्षण समितिका सहसंयोजक सुजित मिश्र,जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव निरीक्षक वीरेन्द्र पाण्डे लगायतको उपस्थिति रहेको थियो ।

नयाँ पुस्ता राजनीतिमा आउनुपर्छ

टुडे समाचारदाता

गौर । नेपाली कांग्रेसकारौतहट जिल्ला सदस्य धीरज कुमार मिश्रले पुराना राजनीतिक दलहरुबाट जनता आजित भइसकेको बताउँदै उनीहरुको विकल्प खोज्न थालेको बताएका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी लगायत पुराना दलहरुका नेता जनताप्रति उत्तरदायी नभएको र ठूलठूला भ्रष्टाचार काण्डमा लिप्त रहेको भन्ने कुरा बाहिर आउन थालेकोले आम नागरिकको यी पुराना दलहरुमाथि विश्वास गुम्न लाग्दा उनीहरुको भविष्य समेत समाप्त हुन लागेको नेता मिश्रले बताए ।

रौतहटको वृन्दावन नगरपालिका-१ विश्रामपुरमा घर भएका नेता मिश्रले आइतबार आफ्नै निवासमा पत्रकारहरुसंग कुराकानी गर्दै देशमा अहिले बढ्दो आर्थिक संकट, बेरोजगारी, महंगी, भ्रष्टाचार लगाएतको बारेमा चासो लिनुको साथै चिन्ता व्यक्त गरेका छन् ।

आफ्नो राजनीतिक पृष्ठभूमि कांग्रेसबाट भए पनि कांग्रेसका ठूलठूला नेताहरु अहिले भुटानी शरणार्थी काण्डमा मुछिएका कारण नेता मिश्रले कांग्रेस सहित सबै पुराना दल र ती दलका नेताहरुको खुलेर विरोध गरेका छन् ।

पुराना दलका नेताहरु पटक-पटक सत्तामा पुगे पनि उनीहरु भ्रष्टाचार गर्नु बाहेक देश र जनताको लागि केही गर्न नसकेको भन्दै उनले पुराना दलका नेताहरुमाथि निक्कै आक्रोश पोखेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८